# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक


## कम्युनिस्ट आन्दोलनका अग्रज नेता कमरेड जगत श्रेष्ठको स्मृतिमा श्रद्धाञ्जलीसभा सम्पन्न



काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका अग्रज नेता तथा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय समितिका सल्लाहकार *बाँकी ६ पेजमा*


वर्ष ५ अङ्क १७ पूर्णाङ्क २०७ २०७७ असोज २६ गते सोमबार Monday, 12 Oct., 2020 पृष्ठ ८ मूल्य रू. १०।-


# २० दलीय मोर्चा बन्यो २१ दलीय संघर्षका कार्यक्रम घोषणा



काठमाडौं । वर्तमान केपी शर्मा ओली नेतृत्वको सरकार, सत्ता, व्यवस्थाले गरेको राष्ट्रघात र जनघातका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा लगायत आन्दोलनरत २० दलीय मोर्चा अब २१ दलीय बनेको छ। असोज २४ गते बसेको २० दलीय मोर्चाको बैठकले नेकपा (माओवादी)लाई मोर्चामा सहभागी गरेपछि यो मोर्चा २१ दलीय बनेको हो । बैठकले लिएका लिएका निर्णयहरू एक प्रेस वक्तव्य मार्फत् २० दलीय मोर्चाको तर्फबाट देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले सार्वजनिक गर्नुभएको छ ।

मोर्चाको बैठकले के.पी. ओली नेतृत्व सरकारको पालामा भएका तमाम प्रकारका राष्ट्रघात, जनघातबाट आक्रोशित नेपाली जनता परिवर्तनको पक्षमा लामबद्ध हुँदै गएको पाइएको ठहर गरेको छ । यसका निमित्त फेरि अर्को जनआन्दोलनको आवश्यकता पनि सर्वत्र महशुस भइरहेको निष्कर्ष निकाल्दै कोरोनाको कहरबाट आक्रान्त नेपाली जनता सङ्क्रमण बढ्न जाने किसिमको आन्दोलनमा सावधानी अपनाउनुपर्ने विषयमा पनि सचेत भएको अवस्थालाई ख्याल गर्दै संघर्षका कार्यक्रम घोषणा गरेको छ ।

घोषित संघर्षका कार्यक्रम अनुसार एम.सी.सी.को खारेजी, नेपालको वास्तविक नक्साअनुसारको भूभाग हासिल गर्ने र भारतद्वारा गरिएका नयाँ अतिक्रमणको विरोध, कोभिड-१९मा सरकारबाट भएका भ्रष्टाचार, गैरजिम्मेवारीपन आदिको विरोध, निःशुल्क उपचारको व्यवस्था, भोकमरीबाट पीडित जनताका लागि खाद्यान्नलगायतका न्यूनतम आवश्यकताको परिपूर्ति, अविलम्ब रोजगारीको व्यवस्था, बलात्कार र हत्याजस्ता अपराधको नियन्त्रण र अपराधीमाथि कारवाही आदिको माग गर्दै यही आउँदो असोज २९ गते दिनको १ बजे माइतीघर मण्डलामा सशक्त विरोध प्रदर्शन गर्ने रहेको छ । विरोध प्रदर्शनमा कोभिड-१९ सम्बन्धी मापदण्डको पूर्णरूपमा पालना गर्ने समेत निर्णय गरिएको छ ।

त्यस्तै बैठकले केन्द्रमा भएको समझदारी र स्थानीय समस्याहरूलाई समावेश गरी कार्यगत एकताको आह्वानमा स्थानीय स्तरमा पनि सङ्घर्ष अघि बढाउने ठेगान गरिएको छ ।

त्यसैगरी बैठकले नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले लगाएको प्रतिबन्धको विरोध गर्दै उक्त प्रतिबन्ध अविलम्ब हटाउन सरकारसँग जोडदार माग गरेको छ ।

वक्तव्यमा बैठकका सञ्चालक सी.पी. गजुरेलले यतिखेर नेपालमा विद्यमान सरकार र राज्यव्यवस्थाको समेत विकल्पको खोजी भइरहेको अवस्थामा हामीले आत्मगत शक्तिको तयारी गर्दै एउटा भरपर्दो विकल्प प्रस्तुत गर्ने काममा सक्रियतापूर्वक लाग्न सबैसँग अनुरोध र अपिल गर्दै, बैठकमा उपस्थित भएर यसको सफलतामा योगदान पुऱ्याउनु हुने सबैलाई धन्यवाद दिँदै बैठकको समापन गर्नुभएको उल्लेख गरिएको छ ।

कार्यगत एकतामा आवद्ध २१ वटा राजनीतिक संगठनहरूमा १. नेकपा (मसाल) २. नेकपा (क्रान्तिकारी माओवादी), ३. नेकपा (माले), ४. राष्ट्रिय जनमोर्चा, नेपाल ५. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ६. *बाँकी ७ पेजमा*

## डा. केसीले तोडे अनशन, यस्तो छ ८ बुँदे सहमति



काठमाडौं, २५ असोज । १९ औं पटक अनशनरत डा. गोविन्द केसीले २८औं दिनमा अनशन तोडेका छन् । चिकित्सा शिक्षा क्षेत्रको सुधारको माग गर्दै अनशनरत डा. केसी र सरकारबीच शबिनार मध्यरातमा ८ बुँदे सहमति भएसँगै आइतबार अनशन तोडेका हुन् ।

डा. केसीलाई कोरोना संक्रमण भएर निको भएका त्रिवि शिक्षण अस्पतालका सफाइ कर्मचारी विकास नेपालीले जुस खुवाएर *बाँकी ७ पेजमा*

## स्थानीय तहका भ्रष्टाचारप्रति क्रान्तिकारी माओवादी पश्चिम नवलपरासीको ध्यानाकर्षण

*'चुरे पहाडको एसमोडमा कटान गरिदाँ नगरपालिका र सामुदायिक वन मौन हुनु रहस्यमय'*

● **संजय तिवारी र पुष्पा गिरी**

नवलपरासी २४ असोज - नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला संगठन समिति पश्चिम नवलपरासीले स्थानीय *बाँकी ८ पेजमा*

## एमसीसी सम्झौता खारेज गर्न र जारी नक्सा अनुसारको भूमि फिर्ता गर्न माग गर्दै क्रान्तिकारी माओवादीले गऱ्यो विरोध प्रदर्शन



● **अनु निरौला**

काठमाडौं । राष्ट्रिय स्वाधीनताको आन्दोलनको नेतृत्व गर्दै आएको नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले एमसीसी सम्झौता खारेजीको माग गर्दै विरोध प्रदर्शन गरेको छ। क्रान्तिकारी माओवादीले लिम्पियाधुरासहितको जारी नक्सा अनुसारको *बाँकी ४ पेजमा*

## श्रमजीवी पत्रकारहरुको आन्दोलनप्रति क्रान्तिकारी माओवादीलगायत २० दलीय मोर्चाको ऐक्यबद्धता

### सञ्चारसम्बद्ध ११ वटा संगठन, आठवटा ट्रेड युनियन महासंघ र अन्य राजनीतिक पार्टीहरूबाट पनि ऐक्यबद्धता जाहेर




काठमाडौं । विभिन्न सञ्चार गृहमा कार्यरत पीडित पत्रकारहरूले पेशागत अधिकारको लागि थालेको आन्दोलनप्रति नेकपा (क्रान्तिकारी माओवादी)लगायत २० दलीय मोर्चाले ऐक्यबद्धता जाहेर गरेको छ। संयुक्त संघर्ष समिति बनाएर पीडित पत्रकारहरूले थालेको पहिलो चरणको आन्दोलन अन्तर्गत गरिएको पाँच दिने रिले अनसनको चौथो दिनमा अनसन स्थलमा पुगेर २० दलीय मोर्चाको तर्फबाट नेकपा (क्रान्तिकारी माओवादी)का *बाँकी ४ पेजमा*

## लेखक पत्रकारहरुले भने- 'नेपालको नयाँ नक्सासहितको पाठ्यपुस्तक वितरण र पठनपाठन रोक्ने निर्णय आपत्तिजनक'




नेपालका प्रगतिवादी साहित्यिक क्षेत्रका स्थापित लेखक साहित्यकार तथा पत्रकारहरूले नेपालको नयाँ नक्सासहितको पाठ्यपुस्तक वितरण र पठनपाठन रोक्ने निर्णय आपत्तिजनक भएको भन्दै घोर विरोध गरेका छन् । ९२ जना लेखक तथा पत्रकारहरूले जारी गरेको वक्तव्यभा भनिएको छ, 'हालै नेपाल सरकारले भारतद्वारा अतिक्रमित कालापानी *बाँकी ४ पेजमा*

## सांगठनिक फाँटका समस्याबारे

*पार्टीलाई गतिशील, जुझारू तथा क्रान्तिकारी रूपान्तरण गर्नका लागि आत्मालोचना र आलोचना पद्धतिको विशेष महत्व छ । तर, यस पद्धतिलाई व्यवस्थित र प्रभावकारी बनाउन भने सकिएको छैन । यसो हुनुको एउटा मुख्य कारण कमिटिहरू आकार का दृष्टिले अलि ठुला हुनु पनि हो । तर यति भनेर मात्र पुग्दैन । यस पद्धतिको उपादेयता र महत्व बुझ्ने बारे हामीमा अझै एकरूपता पैदा हुन सकेको छैन*



● **किरण** ●

आज विश्व साम्राज्यवाद पहिलेदेखि चुलिदैं आएका समस्या र कोभिड- १९ को महामारीका कारण गम्भीर प्रकारका आर्थिक, राजनीतिक तथा सांस्कृतिक सङ्कटको भुमरीमा फस्दै गएको छ। वर्तमान नेपाली प्रतिक्रियावादी राज्यसत्ता पनि एकातिर साम्राज्यवाद तथा विस्तारवाद परस्त चरित्र र अर्कोतिर सरकार संचालक पार्टीमा पैदा भएको अन्तःकलह तथा असक्षमताका कारण चौतर्फी संकटमा परिरहेको छ। यो बेला विश्व झैं नेपालमा पनि क्रान्तिका लागि वस्तुतग परिस्थिति अनुकूल बन्दै गएको छ । परन्तु, आत्मगत स्थिति भने विभिन्न समस्याका कारण कमजोर नै छ ।

तसर्थ, यो बेला हामीले मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा पार्टीमा विद्यमान समस्याहरूको ठोस रूपमा अध्ययन गरी तिनको सही समाधान खोज्न, आत्मगत तयारीका काम सम्पन्न गर्दै जान र सांगठनिक फाँटमा एउटा गुणात्मक फड्को हान्न जरूरी छ । अनि मात्र नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढ्नका लागि आत्मगत तयारीका काम पुरा गर्न सकिन्छ ।

***१. कम्युनिस्ट पार्टीका मूल मान्यता***

कम्युनिस्ट पार्टी निश्चित, सैद्धान्तिक, राजनीतिक तथा सांगठनिक आधार एवम् मान्यताहरूको जगमा निर्मित भएको हुन्छ । हामीले कम्युनिस्ट पार्टी *बाँकी ३ पेजमा*

## सम्पादकीय

# श्रमजीवी पत्रकारको आन्दोलन

कोरोना संक्रमण तेहेरो अंकमा वृद्धि भइरहेको छ। संक्रमितको संख्या एक लाख नाघ्दा ६ सय बढीको मृत्यु भइसकेको छ। त्यसमध्ये दुईसय बढी पत्रकार संक्रमित छन्। त्यसमध्ये दुईजनाको संक्रमणबाट मृत्यु भएको छ। संक्रमण अनियन्त्रित रूपमा फैलिइरहेको छ। त्यसलाई बेवास्ता गर्दै पत्रकारहरू यतिखेर आफ्नो श्रमको मूल्य खोज्दै सडक आन्दोलनमा उत्रिएका छन्। रोगभन्दा भोक ठुलो हुने रहेछ। श्रमजीवी पत्रकारहरूको भोको पेटमाथि मिडिया मालिकहरूले लात हानेका छन्। बर्षौदेखि काम गर्दै आएका, आफ्ना उर्जाशील उमेरका दिनहरू खर्चिएका पत्रकार तथा कर्मचारीहरूलाई बर्षौ मुनाफामा सञ्चालित मिडिया हाउसहरूले कोरोनाको बहानामा निकालिदिएका छन्। तिनै पत्रकार, कर्मचारी तथा श्रमिकहरूको श्रम र पसिनामा आलिसान कर्पोरेट हाउस खडा गरेका मिडिया मालिकहरूले कलमजीवी तथा श्रमजीवीहरूको घोर अपमान मात्रै गरेका छैनन्, उनीहरूको रोजीरोटी खोसेर क्रुर, अमानवीय तथा फासिवादी चरित्रको प्रदर्शन गरेका छन्। यो मानवअधिकारको उलंघनको विषय पनि हो र राज्यले बनाएको श्रमजीवी पत्रकार ऐन तथा श्रम ऐनको गम्भीर उलंघन र राज्यलाई दिएको ठाडो चुनौती पनि हो। यो मिडिया मालिकहरूको अलोकतान्त्रिक चरित्रको कुरूप र घिनलाग्दो छविको प्रदर्शन हो। पुँजीवाद कति अमानवीय, कुरूप, क्रुर र फासिवादी हुन्छ भन्ने यथार्थको चरित्र चित्रण आफुलाई मूलधार, ठुला र कर्पोरेट मिडिया भन्नेहरूले प्रस्तुत गरिरहेका छन्।

श्रमजीवी पत्रकार ऐन कार्यान्वन तथा श्रमजीवी पत्रकारहरूको हक, हित र अधिकारको लागि भन्दै दर्जनौ सञ्चारसम्बद्ध संघ संगठनहरू खोलिएका छन्। त्यसमध्ये सबै श्रमजीवीहरूको साझा संस्थाको रूपमा नेपाल पत्रकार महासंघ करिब सात दशकदेखि अस्तित्वमा रहेको छ। सबै सञ्चारसम्बद्ध संघ संगठनहरूले समेत साझा र छाता संगठन मान्दै आएको यो महासंघले श्रमजीवी पत्रकारहरूको पेशागत हक, हित र अधिकारका लागि काम गर्दै आएको छ र अन्य संघ संगठनहरूले पनि एकल वा संयुक्त रूपमा श्रम अधिकारका लागि आवाज उठाउँदै आएका छन्। तर करिब तीन दशकयता श्रमजीवी पत्रकार ऐन कार्यान्वयन भएको छैन। यो विषय कोरोनाका कारण मात्र उत्पन्न भएको होइन। अहिले भने केही पेचिलो र निकै संवेदनशील रूपमा प्रकट हुन पुगेको छ। विभिन्न मिडिया हाउसमा कार्यरत श्रमजीवी पत्रकारहरूले नेपाल पत्रकार महासंघलाई आफ्नो पेशागत अधिकारको रक्षाका लागि हार गुहार गरे। महासंघले केही पहल गरे पनि मूल पहल नगरेको चर्को गुनासो श्रमजीवीहरूको छ।

अहिले विभिन्न मिडिया हाउसका पीडित पत्रकारहरूले आफ्नो पेशागत अधिकारका लागि 'संयुक्त संघर्ष समिति' बनाएर आन्दोलन गरिरहेका छन्। क्रान्तिकारी पत्रकार महासंघ लगायत ११ वटा सञ्चारसम्बद्ध संघ संगठनले ऐक्यबद्धता जाहेर गरेको छ र जारी आन्दोलनमा आफ्नो भौतिक सहभागिता समेत जनाइरहेको छ। तर नेपाल पत्रकार महासंघको नेतृत्वले पीडित पत्रकारहरूको आन्दोलनको स्वामित्व लिन खुट्टा कमाइरहेको छ, टाउको लुकाइरहेको छ। र, महासंघको औचित्यतामाथि समेत प्रश्न उठिरहेको छ। तर पीडित श्रमजीवीहरूको आन्दोलन स्वतन्त्र रूपमा अगाडि बढिरहेको छ। अनसनदेखि मिडिया हाउसहरूको घेराउँसँगै बालुवाटार घेराउसम्मका कार्यक्रमहरू भइरहेका छन्। यो संयुक्त संघर्ष समितिको आन्दोलनलाई कमजोर पार्न, बेवारिसे बनाउन र निष्फल तुल्याउन महासंघकै नेतृत्वहरू लागेको पनि आरोप लागिरहेको छ। यो अवस्थामा अब संयुक्त संघर्ष समितिको आन्दोलनको स्वामित्व र नेतृत्व क्रान्तिकारी पत्रकार महासंघ लगायत सञ्चारसम्बद्ध संघ संगठन र श्रम अधिकारका लागि आन्दोलनरत ट्रेड युनियन महासंघले लिन जरुरी छ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com


# लोकतान्त्रिक गणतन्त्रको भ्रममा नपरी संघीय जनगणतन्त्रको लागि संघर्ष गरौं



● भरत बुर्जा मगर ●

वि.स. २०७२ साल असोज ३ गते नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान घोषणा भै लागु गरिएको छ जसमा धर्मनीरपेक्षता र समाजवाद उन्मुख भनिएको छ। काँग्रेश र संशोधनवादी नेताहरू भन्ने गर्दछन् ,'नयाँ संविधान लागु भएपछि नेपालको समृद्धि र विकाश भै छिटै मुहार फेरिनेछ र जनताको गाउँ गाउँमा सिंहदरबार हुन्छ । एकात्मक र संघात्मक शासन व्यवस्थाको भिन्नता के छ ? हेरौं। एकात्मक शासन व्यवस्था भन्नाले संपूर्ण राजकीय शक्ति संविधानद्वारा केन्द्रिय सरकारमा नीहित गरिन्छ र राज्यशक्तिको प्रयोग केन्द्रिय सरकार नै सर्वोपरि रहन्छ। एकात्मक शासन व्यवस्थामा केन्द्रिय सरकारलाई सहयोग गर्न निर्वाचन प्रणालीद्वारा स्थानिय सरकार गठन गरिन्छ र केन्द्रिय सरकारले आफ्नो नियन्त्रणमा रहने गरी केहि अधिकार दिईन्छ। संघीय शासन व्यवस्था भन्नाले एकात्मक शासन व्यवस्थाको विपरितको शासन व्यवस्था जुन संपूर्ण राजकीय शक्ती संविधानद्वारा केन्द्रिय सरकार र स्थानिय राज्य सरकारमा बाडिएको हुन्छ। रक्षा परराष्ट्र विदेश व्यापार र संचार आदि संवन्धीको सम्पूर्ण अधिकार संघात्मक संविधानले केन्द्रिय सरकारलाई प्रदान गरेको हुन्छ। संघात्मक शासनको संघ भन्नाले अंग्रेजी शव्द ँभमभचबतष्यल जुन ल्याटिन भाषाको ँयभमगक बाट आएको हो जसको अर्थ संघी वा संझौता हुन्छ। सबभन्दा पहिले सन १७०७ मा इङ्गल्याण्ड ,आयरल्याण्ड, स्कटल्याण्ड र वेल्स् मिली संयुक्त अधिराज्य(ग्प् ) वा वेलायत भनिन्छ। संघीय शासन व्यवस्था बन्न गए पनि लिखित संविधान नभएकोले संघीय शासन व्यवस्था मानिदैन। त्यस पछि वेलायतको उपनीवेशबाट स्वतन्त्र भै उत्तर अमेरिकी १३ वटा देश मिली सन् १७८७ मा संयुक्त राज्य अमेरिका (ग्क्ब् ) नाम राखी , क्यानडा सन् १८६७ मा वेलायतबाट स्वतन्त्र भै, अस्ट्रेलिया सन् १९०१ मा वेलायतबाट स्वतन्त्र भै, इराक सन् १९३२ मा वेलायतबाट स्वतन्त्र भै, भारत सन् १९४७ मा वेलायतबाट स्वतन्त्र भै, पाकिस्तान सन् १९४८ मा भारतबाट स्वतन्त्र भै संघीय ब्यवस्था स्थापित भएका थिए। अर्जेनटाइना सन् १८१० मा स्पेनबाट स्वतन्त्र भै, वेल्जियम सन् १८२२ मा पोर्चुगलबाट स्वतन्त्र भै, कोमरोस सन् १९७५ मा फ्रान्सबाट स्वतन्त्र भै संघीय शासन ब्यवस्था स्थापित भएका हुन्। स्वीजरल्याण्ड सन् १८४८ मा, जर्मनी सन् १९६२ मा, अस्ट्रिया सन् १९२० मा,वोस्निया हजगोविना सन् १९९२ मा युगोस्लाभियाबाट अलग भै , इथोपिया सन् १९९५ मा र नेपाल सन् २०१५ मा संघीय शासन ब्यवस्था लागु भएका हुन्।

> **राजनीतिमा जातिय समस्या समेट्नु पर्दछ तर जातिय राज्य कहि हुदैन। सामन्तले शासन गरे, काँग्रेश र कम्युनिष्टले शासन गरे नेपालमा केहि भएन, हामी युवाले गर्छौं भन्ने पनि सुनिन्छ । पि.एच.डी. गरेको युवा भएको र सबै कुरा बुझेकोले हामी विकाश गर्छौं भनि टोपल्छन्। तपाईको दिमाग धोएपछि तपाईलाई थाहा हुन्छ विश्व मानव समाज वर्गमा विभाजित छ । त्यो समाजलाई वर्ग समन्वय होइन वर्ग संघर्षबाट अगि बढाउदै उत्पिडित श्रमिक वर्गलाई राजनीतिक रूपमा सचेत र संगठित गरी वर्ग संघर्ष र सत्ता संघर्षमार्फत अविकसित मूलुकमा नयाँ जनवादी क्रन्तिया आवश्यकता अनुसार संघीय जनगणतन्त्र ल्याउनु पर्दछ**

**संघीय शासन व्यवस्थाको मुख्य आवश्यक तत्वहरु निम्न छन् –**

*१. एक लिखित संविधान :-* संघीय व्यवस्थाको सबभन्दा महत्वपूर्ण एक आवश्यक तत्व लिखित संविधान हो जसमा केन्द्र र राज्य इकाईहरूमा अधिकार स्पष्ट रूपमा बाडँफाडँ गरिएको हुन्छ।

*२. संविधानको सर्वोच्चता :-* संघीय व्यवस्थामा संविधानको सर्वोच्चता हुनु आवश्यक तत्व हो किनकि संविधानको सर्वोच्चताको अर्थ संवैधानिक व्यवस्था विरुद्ध कसैलाई पनि कानुन बनाउने अधिकार नहुनु हो।

*३. शक्ति विभाजन :-* संघीय शासन व्यवस्थामा केन्द्र र राज्य इकाईहरूमा अधिकार स्पष्ट विभाजन र वितरण हुनु आवश्यक तत्व हो। केन्द्रिय अधिकार क्षेत्रमा सामान्य र राष्ट्रिय महत्वको विषयको अधिकार रहन्छ।

*४. सर्वोच्च न्यायपालिका :-* संघीय शासन व्यवस्थामा केन्द्र र राज्य इकाईहरू सँगै रहने हुदा केन्द्र र इकाई बीच मतभेद तथा संघर्षको संभावना हुने हुनाले अधिकार क्षेत्रको बाँडफाँडमा हुने मतभेद तथा संघर्षको स्थितलाई निर्णय दिनको लागि एक सर्वोच्च अदालतको आवश्यकता पर्दछ।

*५. दोहोरो शासन व्यवस्था :-* संघीय शासन व्यवस्थामा एक संघीय सरकार र अन्य स्थानीय राज्य इकाईहरू हुनु अनिवार्य तत्व हो जसमा दुवै शासन *बाँकी ७ पेजमा*

# राज्यसत्ताबारे पुँजीवादी भ्रम



● अशोक शर्मा ●

समाज विकासको ऐतिहासिक क्रममा दास प्रथात्मक राज्य व्यवस्थालाई राज्यको प्रथम स्वरूप मानिन्छ। यो व्यवस्था शोषक वर्गको हातमा रहेको राज्यसत्ताको प्रथम र प्रारम्भिक चरण थियो। यो व्यवस्थामा दासहरूले स्वामि, मालिक वा प्रभुहरू (दासमालिकहरूलाई प्रयोग गरिने उच्च आदरवादी शब्द) को सर्वोपरि हित अनुकुल काम गर्नु पर्दथ्यो। व्यवस्था र मालिकहरूको विरुद्धमा बोल्ने दासहरूलाई कुनै अधिकार हुदैनथ्यो। यदि कसैले उनीहरूले विरोध गरिहाल्यो भने त्सलाई शस्त्र शक्तिको भरमा निर्ममतापूर्वक दमन गरिन्थ्यो र त्यसप्रकारको दमनलाई कथित इश्वरको दण्ड, भाग्यको खेल, वा पुर्वजन्मको अपराधको फल, लगायतका दमन र हत्याका परिभाषा लगाएर कानुनी सफाईका आधारहरू खडा गरिन्थ्यो। समयक्रममा शोषण हत्या र दमनको विचबाट दासहरूले मालिकहरूमाथि गरेको विद्रोहले जब विजय प्राप्त गरि दासयुगको समाप्त भयो, तब त्यसको ठाउँ शक्तिशाली सामन्ती समाजले लियो। त्यसपछि राज्यको शोषणको रूप बदलियो र सामन्तवादी समाजमा किसान र जमिन्दारको रूपमा पैदा भएको अन्तरविरोधको राजनीति समाधान निस्कन हजार वर्षभन्दा बढि लाग्यो।

सामन्ती व्यवस्था दास व्यवस्थाको तुलनामा केही प्रगतिशील र उदीयमान शक्तिसम्पन्न अवस्थ नै थियो। परन्तुः त्यो व्यवस्थामा पनि बहुसंख्यक किसान जनसमुदायमाथि मुठ्ठीभर जमिन्दारहरूको उत्पिडन शोषण दमन कायमै रहयो। जमिन्दार र किसानहरूविच हजार वर्षज्यादा भीषण र शत्रुतापूर्ण संघर्ष चलेपनि सामजिक रूपले शक्तिसम्पन्न सामन्ती व्यवस्था र त्यसका संचालकहरूको अत्याचारको विरुद्धमा सडकमा निस्केका किसानहरूमाथि थुप्रैपटक रक्तपातपुर्वक दमन गरियो। सामन्तहरूका जग्गा किसानलाई जबर्जस्त जोताउने, जोत्न अस्वीकार गर्ने किसानहरूलाई दमन गर्ने प्रक्रिया विचबाटै सामन्तवाद लामोसमय कायम रहिरहन सफल भयो र सामन्तहरूले राज्यसत्ता आफ्नो हातमा लिइहे। सामन्ती व्यवस्थाको यसप्रकारको अत्याचारको विरुद्धमा उत्रेका किसान जनसमुदायको ठूलो वलिदानी पश्चात मात्र जनताले सामन्तवादमाथि विजय प्राप्त गरे। यसरी जनताको रक्तपातपूर्ण विशाल संघर्षबाट सामन्ती व्यवस्थाको अन्त्य भए पछि सामन्तवादको ठाउँ पुँजीवादले लिनपुग्यो। सामन्तवादको अन्त्य भएर त्यसको ठाउँ पुँजीवादले लिए पछि पुरानो अन्तरविरोधको ठाउँ नयाँले लियो। सामन्तवादमा जमिन्दार र किसान वर्ग परस्पर ठूला दुई विपरीत वर्गको रूपमा आम्नेसाम्ने थिए र तिनिहरू विच वर्गसंघर्ष र टकराव थियो भने पुँजीवादमा पुँजीपति वर्ग र मजदुर वर्ग आम्नेसाम्ने भए। आज पुँजीवाद विकसित भएर यसले एकाधिकार पुँजीवादको स्वरुमा साम्राज्यवादको रूप ग्रहण गरेको छ भने जनता पुँजीवादका सबैखाले स्वरूपहरूको विरुद्धमा निरन्तर संघर्षरत रहदै आइरहेका छन्। यसरी सामन्ती व्यवस्थाको अन्त्यसंग उदय भएको पुँजीवादी व्यवस्थाले पनि जनता तथा श्रमिकवर्ग माथि शोषण गर्ने, अधिकारका लागि चलेका संघर्ष माथि दमन गर्ने तथा निषेधात्मक तरिकाले श्रमिकहरूलाई आफ्नो अधिनमा राख्ने दमनकारी साधनको रूपमा राज्यसत्तालाई प्रयोग गरिरहेको छ। आफ्नो वर्गीय चरित्र अनुसार विरोधी वर्गमाथि निर्लज्ज र पाश्विक दमन मार्फत आजसम्म पुँजीवादी राज्यसत्ता र व्यवस्था संचालन हुँदै आइरहेको छ। पुँजीवादी शासनले आफ्नो व्यवस्थाको प्रमुख कर्तव्यको रूपमा प्रथम, व्यक्तिगत स्वामित्वको संरक्षण गरि बहुसंख्यक सामाजिक व्यवहार र आपसी समानजस्यतालाई खतम पार्ने, द्धितीय, व्यक्तिका वरिपरि व्यक्तिगत स्वामित्वमा आधारित श्रमलाई उसको हित अनुकुल दासतापूर्ण अनुशासनको घेराभित्र कैद गर्ने र तृतीय, व्यक्तिगत स्वामित्व भित्रको दासता विरुद्ध चलेका सर्वहारावर्गीय तथा क्रान्तिकारी आन्दोलनलाई दमन गर्ने कार्यलाई आत्मसात गर्दै आइरहेको छ।

आफ्नो स्थापना कलदेखि नै पुँजीवादीहरूले उनीहरूको राज्यसत्ताको प्रतिक्रियावादी चरित्र माथि पर्दा हाल्नको लागि अनेक प्रकारका भ्रुट र भ्रमको खेती गर्दै आइरहेका छन्। आफ्नो प्रतिक्रियावादी शोषण, दमन र अत्याचारमाथि भ्रमपूर्ण तरिकाले छल्न र आफ्नो लुटको स्वर्गलाई सदासर्वदा बचाइराख्न उनीहरूले राज्यसत्तालाई नीरवर्गीय बताउदै आइरहेका छन्। उनीहरूको विचारमा राज्यसत्ता कुनैपनि वर्गीय चरित्रमा आधारित नहुने बरु यो कथित, इश्वरको बरदान्,निष्पक्ष न्यायाधीश, वा राज्यसत्ताको निदीष यन्त्र हुने, जस्ता आदि इत्यादि भ्रमित उपमा दिदै यसपकारको राज्यसत्ताको चरित्र र स्वरूपलाई, लोककल्याणकारी राज्य, पुर्ण प्रजातान्त्रिक राज्य बताउदै दुनियाँलाई भ्रमित तुल्याउँदै आइरहेका छन्। राज्यका हरेक अंगहरूको व्यापक प्रयोग गरि यसप्रकारका अनर्गल प्रचारप्रसारद्वारा आफ्नो विवेदकारी राज्यसत्ताको विरुद्धमा उठेका जायज तर्क र तथ्यहरूमाथि लगातार भ्रम सृजना गर्ने गरिरहेका छन्।

यसप्रकारको प्रतिक्रियावादी राज्यसत्ताको विरुद्धमा जनताद्वारा संचालन हुने संघर्षलाई न्यून गर्न वा शान्त पार्न र त्यसको प्रचारप्रसार गर्न पुजीपतिहरूले कथित बुर्जुवा बौद्धिक वर्गलाई प्रयोग गर्ने गर्दछन्। यस खालको प्रतिक्रियावादी राज्यसत्ताको वकालत गर्न त्यो व्यवस्थाद्वारा पालित पोषित सत्तारूढ कथित बौद्धिक बुर्जुवा समाजशास्त्रीहरूलाई सबैभन्दा अग्रभागमा खडा गरेर भ्रमको खेतिलाई मलजल लागउने गर्दछन्। विश्व सर्वहारा वर्गका महान गुरु कार्ल मार्क्सले, जुन वर्गले सामाजिक भौतिक शक्तिको प्रयोग गरेको हुन्छ, त्यो नै त्यसबेलाको सत्तारूढ बौद्धिक शक्ति समेत हुन्छ भनेभैं बुर्जुवा सत्तारूढ वर्ग वा दार्शनिकहरूले राज्यसत्ताको भौतिक शक्तिको आडमा राज्यको प्रतिक्रियावादी स्वरूपको अस्तित्व रक्षा गर्नको लागि राज्यसत्ताका सबैखाले दोष र अपराधहरूमाथि लामो समयसम्म पर्दा हाल्ने र भ्रम सृजना गर्ने कोशिष गरिरहन्छन्। राज्यसत्ताको आडमा यसप्रकारको बुर्जुवा दार्शनिक समाजशास्त्रीहरूले महान लेनिनले भने भैं, 'राज्यसत्ताको प्रशनलाई निकै जटिल बनाइदिने गरेका हुन्छन्।

यसप्रकारका पुँजीवादी राज्यसत्ताले पैदागर्ने सबैखाले विभ्रमहरूको सर्वहारावर्गीय आन्दोलनले निर्ममतापूर्वक पर्दा च्यात्न जरुरी हुन्छ। यस्ता भ्रमवाट मुक्त हुन र त्यसको पर्दा समाजको आँखाबाट हटाउनको लागि सुस्पष्ट मालेमावादि विचारधारात्मक राजनीतिक कार्यदिशाको जगमा भीषण र संभौताहीन वर्गसंघर्षवाट मात्र संभव छ र त्यसको नेतृत्व केवल सर्वहारा वर्ग र उसको पार्टीवाट मात्र सम्भव हुन्छ। क्रमशः

# सांगठनिक...

**वर्तमानको सरकार र सत्तामा अहंकारी र अनुदारवादी ब्राह्मणहरूको हैकम छ, जसलाई ओलीजस्ता 'कम्युनिष्ट' ब्राह्मणहरूले राज्यसत्तामाथि हैकम चलाएका छन् । यी 'कम्युनिष्ट' ब्राह्मणहरू कुरा गर्न सीपालु छन् । यतिसम्म कि 'कम्युनिष्ट' ब्राह्मणहरूका नाइके वर्तमान प्रधानमन्त्रीलाई पनि उछिन्ने गरी उनका चेला वर्तमान कृषिमन्त्रीले किसान र उनका छोरोछोरीले यो सरकारले अव दिनमा पाँच छाकसम्म टन्न खाने कुरा गरेका छन्**

सम्बन्धी यस प्रकारका मूल आधार तथा मान्यतालाई सही ढङ्गले आत्मसात गर्न जरूरी छ । यस सन्दर्भमा अहिले ध्यान दिनुपर्ने विषय मूलतः यी हुन् :

(क) कम्युनिस्ट पार्टीलाई परिभाषित गर्ने प्रश्न । मार्क्स र एङ्गेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्रमा कम्युनिस्ट पार्टीलाई सर्वहारा वर्गको पार्टीका रूपमा सङ्गठित गर्नुपर्ने कुरा बताउनु भएको थियो । लेनिन र माओले यो मान्यतालाई विकसित तुल्याउनु भएको छ । तदनुसार कम्युनिस्ट पार्टी भनेको सर्वहारा वर्गको राजनीतिक पार्टी हो । हरेक वर्गले जस्तै सर्वहारा वर्गले पनि आफ्ना हक, हित तथा उद्देश्यको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी बनाउन आवश्यक हुन्छ । त्यति मात्र होइन, कम्युनिस्ट पार्टी भनेको सर्वहारा वर्गका सवैभन्दा उन्नत, लडाकु र क्रान्तिकारी तत्वहरूद्वारा निर्मित पार्टी हो । कम्युनिस्ट पार्टीलाई परिभाषित गर्ने उक्त मान्यताबारे हामी स्पष्ट हुन जरूरी छ ।

(ख) पार्टी सदस्यताका शर्त र तिनको महत्व । लेनिनले मेन्सेविकहरूसितको वैचारिक सङ्घर्षको क्रममा भन्नु भएको थियो – "पार्टी सदस्य त्यो हो जसले पार्टीको कार्यक्रम मान्दछ र पार्टीलाई आर्थिक रूपमा तथा पार्टीको कुनै सङठनमा व्यक्तिगत रूपमा सम्मिलित भएर सहायता गर्दछ" । (एक कदम आगे, दो कदम पीछे पृ.६० प्रगति प्रकाशन मास्को १९८५) । यहाँ पार्टी सदस्यताका लागि कार्यक्रम मान्नु, आर्थिक सहायता गर्नु र कुनै समितिमा आबद्ध हुनु भनी तीन शर्तहरूको उल्लेख गरिएको छ । विश्वका सबै कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टीद्वारा पनि उक्त शर्तहरू स्वीकार गरिदै आएका छन् । हाम्रो पार्टीको विधानमा पनि यी तीन शर्तहरूको पालन गर्नु पर्ने कुराबारे उल्लेख गरिएको छ । तसर्थ, हामी पार्टी सदस्यताका शर्तहरूको पालन गर्नेबारे गम्भीर बन्न जरूरी छ ।

(ग) पथप्रदर्शक सिद्धान्त । क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त अनिवार्य रूपमा आवश्यक हुने कुराबारे लेनिन र माओले स्पष्ट पार्दै आउनु भएको छ । मार्क्सवाद कम्युनिस्ट पार्टीको पथप्रदर्शक सिद्धान्त हो र आज त्यो मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकसित भएको छ । हामीले यस सिद्धान्तलाई दृढतापूर्वक अवलम्बन गर्दै त्यसको रक्षा, प्रयोग र विकास गर्दै जानु पर्दछ ।

(घ) कार्यक्रम, नीति र कार्यदिशा । पार्टीले क्रान्तिका लागि कार्यक्रम, नीति र कार्यदिशाको निर्धारण गर्दछ । आन्दोलनको वस्तुगत पक्ष अनुरूप कार्यक्रम र आत्मगत पक्षमाथि ध्यानदिँदै नीति निर्धारण गरिन्छ । कार्यक्रम, नीति र योजनाको समग्रतामा कार्यदिशाको निर्धारण हुन्छ ।

कार्यक्रममा सर्वहारा वर्ग र उत्पीडित जनसमुदायका हक, हित र उद्देश्यलाई समेटिएको हुन्छ । देशको अर्धसामन्ती, अर्धऔपनिवेशिक र नवऔपनिवेशिक अवस्था अनुरूप हाम्रो न्यूनतम वा आधारभूत कार्यक्रम नयाँ जनवाद हो । हाम्रो अधिकतम कार्यक्रम समाजवाद हो । हाम्रो अन्तिम उद्देश्य वा गन्तव्य साम्यवाद हो । आन्दोलनको विशेष अवस्था अनुसार विशिष्ट वा तात्कालिक कार्यक्रम पनि बनाउने गरिन्छ । कार्यक्रमका प्राप्तिका लागि नीतिको आवश्यकता पर्दछ । नीति दुई प्रकारका हुन्छन् – रणनीति र कार्यनीति । आवश्यकता अनुसार तात्कालिक वा विशिष्ट नीति पनि बनाउने गरिन्छ । कार्यदिशा क्रान्तिको बाटो अर्थात् मार्गचित्रमा आधारित हुन्छ । कार्यदिशालाई विचारधारात्मक, राजनीतिक, सामरिक आदिका रूपमा वर्गीकृत गर्न सकिन्छ । हाम्रो सामरिक कार्यदिशा नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह हो ।

(ङ) अन्तसङ्घर्ष/दुईलाइन सङ्घर्ष । पार्टी भनेको विपरीतहरूको एकत्व हो । एउटा सजीव पार्टीमा अन्तःसङ्घर्ष वा दुईलाइन सङ्घर्ष निरन्तर चलिरहन्छ र त्यसो हुनु स्वाभाविकै हो । दुईलाइन सङ्घर्षको प्रारम्भ बिन्दु अन्तःसङ्घर्ष हो भने अन्तःसङ्घर्षको विकसित बिन्दु दुईलाइन सङ्घर्ष हो । हामी यस प्रकारका सङ्घर्षहरूबाट डराउनु हुँदैन । अपितु, यिनलाई स्वस्थ तथा मैत्रीपूर्ण रूपमा एकता-सङ्घर्ष-एकताको पद्धतिद्वारा समाधान गर्दै र रूपान्तरित हुँदै जानु पर्दछ ।

(च) तीन गर र तीन नगरको मान्यता । क्रान्तिकारी कम्युनिस्ट पार्टीका सदस्यहरूले तीन गर र तीन नगरको सैद्धान्तिक मान्यतालाई दृढतापूर्वक अवलम्बन गर्नु पर्दछ । ती मान्यता हुन् – मार्क्सवाद लागु गर संशोधनवाद होइन, एकताबद्ध होऊ नफुट, खुला र स्पष्ट होऊ छलछाम र षड्यन्त्र नगर । यी माओद्वारा चीनी कम्युनिस्ट पार्टीमा चलेका ठुला दुईलाइन सङ्घर्षका बीचबाट संश्लेषित गरिएका मान्यता हुन् ।

*२. जनवादी केन्द्रीयता र अनुशासनको प्रश्न*

जनवादी केन्द्रीयता पार्टीको साङ्गठनिक सिद्धान्त हो । यस अन्तर्गत जनवाद, केन्द्रीयता, कमिटि प्रणाली, अनुशासन लगायतका विषयहरू पर्दछन् । हामीले यिनको वास्तविक मर्मलाई बुझ्न र तदनुरूप व्यवहारमा जान आवश्यक छ ।

हाम्रो पार्टी विधानमा भनिएको छ – "पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हुनेछ । यस अनुसार व्यक्ति सङ्गठनको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटि उपल्लो कमिटिको मातहत, सिङ्गो पार्टी केन्द्रीय समितिको मातहत र केन्द्रीय समिति राष्ट्रिय सम्मेलन तथा राष्ट्रिय महाधिवेशनको मातहत हुनेछन् ।" (नेपाल कम्युनिस्ट पार्टी(क्रान्तिकारी माओवादी) विधान : २०७४ असोज) । यो पार्टीको जनवादी केन्द्रीयता संबन्धी आधारभूत मान्यता हो ।

जनवादी केन्द्रीयतालाई बुझ्ने र लागु गर्ने क्रममा जनवाद र केन्द्रीयता दुबैलाई निरपेक्ष र स्वायत्त ठान्नु हुँदैन । जनवादमा अतिशय जोडदिंदा अराजकतावादी र केन्द्रीयतामा अतिशय जोड दिंदा नोकरशाही प्रवृत्तिको खतरा पैदा हुन्छ । तसर्थ, हामीले जनवादमा आधारित केन्द्रीयता र केन्द्रीयतामा आधारित जनवादको मान्यतालाई दृढतापूर्वक अवलम्बन गर्नु पर्दछ । हाम्रो पार्टीमा जनवादी केन्द्रीयतालाई सही ढङ्गले बुझ्ने तथा लागुगर्ने सन्दर्भमा अतिजनवाद, नोकरशाही केन्द्रीयता, बैठकमा लिइएका निर्णयहरूको कार्यान्वयनमा उदासीनता, पार्टीविधानको मर्म तथा भावना विपरीत आचरण जस्ता समस्या देखिदै आएका छन् । हामीले यी समस्याबारे गम्भीरतापूर्वक आत्मसात गरी सही समाधान निकाल्नु पर्दछ ।

*३. कमिटि परिचालनका समस्या*

कमिटि परिचालनका समस्या एकातिर जनवादी केन्द्रीयता र अर्कोतिर कार्यशैलीसित गाँसिएका छन् । यी समस्या मूलतः तीन साङ्गठनिक क्षेत्रका तीन प्रकारका सम्बन्धमा आधारित छन्, ती हुन्ः

प्रथम, यो उपल्ला र तल्ला कमिटिका बीच सम्बन्धको समस्या हो । उपल्ला र तल्ला कमिटिहरूका बीच जुन सजीव सम्बन्ध भइरहनु पर्ने हो त्यो हुन सकिरहेको छैन । यस निम्ति रिपोर्टिङ्ग र निरीक्षण प्रणालीलाई नियमित बनाइराख्नु पर्दछ ।

द्वितीय, यो सम्बन्धित कमिटिमा सेक्रेटरी र सदस्यहरूका बीच संबन्धको समस्या हो । यस प्रकारको संबन्ध वास्तविक रूपमा कायम हुन सकिरहेको छैन । हरेक तहका कमिटिहरूमा सेक्रेटरी र सदस्यहरूका बीचमा निरन्तर सजीव संबन्ध कायम राखिरहनु पर्दछ ।

तृतीय, यो पार्टी, संयुक्त मोर्चा र जवसमोर्चाहरूका बीचको संबन्धको समस्या हो । कतिपय प्रदेश तथा जिल्लाहरूमा पार्टी कमिटिहरू बनाउने तर संयुक्त मोर्चा र जवस मोर्चाका कमिटिहरूको निर्माण तथा परिचालन भने नगर्ने देखिएको छ । फलतः विभिन्न प्रदेश तथा जिल्लाहरूमा आवश्यकता र सम्भावना अनुसार जवस मोर्चाका काम हुन सकिरहेका छैनन् । साथै, कैयौं जवस मोर्चाहरूको केन्द्रीय नेतृत्व र स्थानीय नेतृत्वका बीच पनि आवश्यकता अनुसार सम्बन्ध/सम्पर्क हुन सकिरहेको छैन । कतिपय ठाउँमा पार्टी र जवसमोर्चाका बीच अधिकार क्षेत्रको विषयलाई लिएर केही प्रश्न पनि उठ्न थालेका छन् । यस समस्याको समाधानका लागि एकातिर सबै तहमा पार्टी, प्रयाक्सन तथा जवस मोर्चाका बीचको सजीव सम्बन्धमा आधारित संयोजन प्रणालीलाई व्यवस्थित बनाउन र अर्कोतिर होरिजोन्टल (तेर्सो) तथा भर्टिकल (ठाडो) सम्बन्धलाई सुचारू तुल्याउन जरूरी छ ।

*४. कार्यशैली र चिन्तन शैलीबारे*

कार्यशैली र चिन्तनशैली परस्पर सम्बन्धित छन् । कार्यशैलीसित जोडिएका समस्या चिन्तनशैलीसित जोडिएका हुन्छन् । हामीमा यस प्रकारका शैलीसित सम्बन्धित विविध समस्या रहिआएका छन् ।

निर्णय गर्ने, योजना बनाउने तर तिनको कार्यान्वयन गर्न नसक्ने, समान्यीकरणमा त जाने तर विशिष्टीकरणमा नजाने– यो जडसूत्रवादसित पनि सम्बन्धित एउटा गम्भीर प्रकृतिको समस्या हो । यसले सिद्धान्तमा जोड दिन्छ, तर व्यवहार वा सिद्धान्तको प्रयोगमा जोड दिदैन । काम गर्ने, व्यवहारमा जाने, तर पार्टीका नीति, निर्णय, योजना वा सिद्धान्तमा ध्यान नदिई आफ्नै सुरले हिड्ने, विशिष्टीकरणमा त जोड दिने तर सामान्यीकरणमा जोड नदिने– यो अनुभववादसित संबन्धित गम्भीर प्रकृतिको समस्या हो । यी दुबै चिन्तन तथा प्रवृत्ति मनोगतवादमा आधारित छन् ।

यसैगरी हामीसित कार्यशैली र चिन्तनशैलीसित सम्बन्धित अन्य समस्या पनि छन्, ती हुन्-जनवाद वा स्वतन्त्रताको बढी पक्षपोषण गर्ने, तर केन्द्रीयता वा अनुशासनमा ध्यान नदिने, आफूले जिम्मा लिएको भूगोल, क्षेत्र, पार्टी वा जनवर्गीय मोर्चासित संबन्धित काम मात्रमा जोडदिने तर अन्य काममा भने उपेक्षा गर्ने, जिम्मेवारी लिई अर्को क्षेत्रबाट आएका कमरेडहरूलाई तिरस्कार गर्ने– आदि, आदि । यी सबै समस्या बेग्लाबेग्लै प्रकारका सङ्कीर्णतावादसित सम्बन्धित छन् । आफ्नो स्वतन्त्रता वा जनवादमा मात्र जोडदिनु तर केन्द्रीयता वा अनुशासनलाई उपेक्षा गर्नु सङ्कीर्ण व्यक्तिवाद हो । आफ्नै भूगोल, जिम्मा वा समिति मात्रका कामलाई जोडदिनु अन्य ठाउँ, जिम्मा वा समितिका कामलाई उपेक्षा गर्नु सङ्कीर्ण विभागवाद हो । आफ्नै ठाउँ वा क्षेत्रका कमरेडहरूलाई महत्व दिनु अन्य ठाउँ वा क्षेत्रका जिम्मेवारी लिई आएका कमरेडहरूलाई उपेक्षा गर्नु स्थानीय वा क्षेत्रीय सङ्कीर्णतावाद हो । हामीले यस प्रकारका गलत चिन्तन तथा प्रवृत्तिजन्य समस्याहरूको सम्बन्धित समितिहरूमा आवश्यक छलफल गरी समाधान गर्नु पर्दछ ।

माओले तीन प्रकारका कार्यशैलीमा जोड दिनु भएको थियो, ती थिए – सिद्धान्तलाई व्यवहारसित मिलाउनु, जनसमुदायसित घनिष्ठ सम्बन्ध राख्नु र आत्मालोचना-आलोचनाको विधिलाई प्रयोगमा ल्याउनु । सिद्धान्तलाई व्यवहारसित मिलाउनु भनेको एकातिर सिद्धान्तलाई प्रयोगमा ल्याउनु हो भने अर्कोतिर सिद्धान्त र व्यवहारका बीच एकरूपता कायम गर्नु हो । जनतासित घनिष्ठ संबन्ध राख्नुको अर्थ जनदिशाको मान्यता अवलम्बन गरी जनताबाट लिएर जनतालाई दिनु हो । आत्मालोचना-आलोचनाको विधि भनेको कमरेडहरूमा विद्यमान कमी तथा कमजोरीहरूलाई सच्याउने, रूपान्तरण गर्ने र पार्टीमा विद्यमान अन्तर्विरोधहरूको हलगर्ने पद्धति हो ।

*५. प्रधान तथा सहायक कामको निर्धारणमा समस्या*

हामीमा पार्टी, संयुक्त मोर्चा, जवस मोर्चा, विभाग लगायत सङ्गठन र सङ्घर्षका सबै कामलाई समानान्तर ढङ्गले ग्रहण गर्ने, त्यसमा पनि सहायक वा दैनिक भैपरिआउने कामलाई प्रधानता दिने र दीर्घकालीन महत्वका कामलाई उपेक्षाका दृष्टिले हेर्ने प्रवृत्ति जान वा अनजानमा बढ्न थालेको पाइन्छ । फलतः क्रान्तिको तयारीका दृष्टिले प्राथमिक महत्वका कामहरू पछाडि पर्न गएका छन् । यसप्रति गम्भीर बन्दै प्राथमिक महत्वका कामहरू सम्पन्न गर्ने तर्फ आवश्यक दृष्टिदिनु पर्दछ ।

*६. कार्यकर्ता समस्याबारे*

कार्यकर्ता समस्याका विभिन्न पक्ष छन् । यी वस्तुतः नेतृत्वका पनि समस्या हुन् । हामीले यो बेला ध्यान दिनु पर्ने समस्या मूलतः यी हुन् :

पहिलोः पूर्णकालीन कार्यकर्ताको पहिचानको समस्या । अहिले हाम्रो पार्टीमा तीन प्रकारका कमरेडहरू हुनुहुन्छ – साधारण सदस्य, पार्ट टाइमर र होल टाइमर । यो सामान्य वर्गीकरण मात्र हो, तर कुन कमरेड कुन प्रकारको तहमा हुनुहुन्छ भन्नेबारे हाम्रो लेखाजोखा हुन सकेको छैन । हामीसित यो लेखाजोखा हुनु पर्दछ । यस सन्दर्भमा साधारण पार्टी सदस्य, पार्ट टाइमर, होल टाइमर सबैका ठोस सङ्ख्या र तहको निर्धारण गर्न जरूरी छ ।

दोस्रोः अध्ययनको समस्या । कतिपय कमरेडहरूले अध्ययनमा रूचि राख्नु हुन्छ र गम्भीर अध्ययन पनि गर्नु हुन्छ । यो राम्रो कुरा हो । तर, एउटा ठुलो तप्काले अध्ययनको महत्वलाई राम्रोसित बुझेको पाइदैन । अध्ययन दुई प्रकारका हुन्छन् – किताबी अध्ययन र व्यावहारिक अध्ययन । हामीले यी दुबै अध्ययनमा जोड दिनु पर्दछ । क्रान्तिका लागि आज दार्शनिक, अर्थशास्त्री, राजनीतिज्ञ, प्रविधिविद लगायत प्रशस्तै बौद्धिक तथा क्रान्तिकारी प्रतिभाहरूको खाँचो छ । हामीलाई दैनिक अखबार र फेसबुके अध्ययनले मात्र कदापि पुग्दैन । यसबारे सिङ्गो पार्टी पङ्क्तिले गम्भीरतापूर्वक सोच्नु पर्दछ ।

तेस्रोः व्यवस्थापनको समस्या । कार्यकर्ताहरूको व्यवस्थापन एक अनिवार्य आवश्यकता हो । परन्तु, हामीले त्यसतर्फ ध्यान दिन सकेका छैनौं । कार्यकर्ताहरूको व्यवस्थापन गर्न नसक्दा पार्टी हुने खानेले भरिने र नहुनेहरू पाखालाग्ने अवस्था पैदा भई गम्भीर समस्या पैदा हुन सक्दछ । त्यसैले व्यवस्थापन पक्षबारे गम्भीर बन्न जरूरी छ ।

चौथोः मूल्याङ्कनको समस्या । कार्यकर्ताहरूको मूल्याङ्कनमा पनि केही समस्या पैदा हुँदै आएका छन् । कार्यकर्ता मूल्याङ्कनका कसीका रूपमा क्रान्ति, पार्टी तथा सिद्धान्त प्रतिको निष्ठा, निरन्तरता, काममा खटाइ तथा लगनशीलता, त्याग तथा बलिदानी भावना, अध्ययनको स्तर आदिलाई लिनु पर्दछ । तदनुसार कार्यकर्ताहरूको पदोन्नति र अवनति गरिनु पर्दछ । ज्येष्ठता मात्र पदोन्नतिको आधार बन्न सक्दैन । मूल्याङ्कनको प्रश्नमा न्याय गरिनु पर्दछ ।

पाँचौः उत्तराधिकारी तयार पार्ने समस्या । यो समस्या जटिल र गम्भीर प्रकारको छ । यो कसैलाई तोकेर हल गर्ने विषय पनि होइन । पार्टी समितिहरूमा एकातिर वृद्ध, प्रौढ र युवाहरूको सन्तुलन मिलाउनु पर्दछ भने अर्कोतिर प्रशिक्षित तथा पदोन्नति गर्नेतर्फ जोड दिनु पर्दछ । यसनिम्ति कुनै विशेष उत्तराधिकारी नभई उत्तराधिकारीहरूको फौज तयार पार्नु पर्दछ ।

*७. पार्टी स्कुल सञ्चालनबारे*

पार्टी स्कुल सञ्चालन एक अनिवार्य आवश्यकता हो । यो काम अझै नियमित र व्यवस्थित बन्न सकेको छैन । स्कुल सञ्चालनमा व्यवस्थापन, निरन्तरता, मूल्याङ्कन लगायतका समस्या रहिआएका छन् र तिनको समाधान गर्दै जानु पर्दछ । यस सन्दर्भमा ध्यान दिनुपर्ने विषय मूलतः यी हुन् – पाठ्यक्रममा परिमार्जन, शास्त्रीय ज्ञान, विकसित ज्ञान र व्यावहारिक आवश्यकताका बीच एकरूपता, केन्द्रीय तहमा प्रशिक्षकहरूको प्रशिक्षण, प्रदेश तथा जिल्ला तहमा स्कुल सञ्चालन र त्यसको निरन्तरता, सरल तथा राम्रो व्यवस्थापन आदि । पार्टीका विविध कामको कारण स्कुल सञ्चालनमा आवश्यक ध्यान जान सकेको छैन, परन्तु स्कुलिङ्लाई पनि पार्टीकै एउटा महत्वपूर्ण कामका रूपमा लिनु पर्दछ ।

*८. पार्टी प्रकाशनबारे*

पार्टी प्रकाशन कतिपय मुस्किलले चल्दै र कतिपय चल्नै नसक्ने अवस्थामा छन् । पार्टी प्रकाशनका समस्यालाई मूलतः यसरी प्रस्तुत गर्न सकिन्छः

पहिलोः प्रकाशनको आवश्यकता र महत्वलाई बुझ्ने समस्या । पार्टीमा एकथरी कमरेडहरूले प्रकाशनको महत्वलाई बुझ्दै आउनु भएको छ भने अर्कोथरी कमरेडहरू पुरै उदासीन र असहयोगी रहेको पाइन्छ । सर्वप्रथम हामीले यस स्थितिलाई अन्त्य गर्नु पर्दछ । पार्टी प्रकाशन नभए सबै प्रचारात्मक र जनसम्बन्ध तथा सम्पर्क लगायतका काम ठप्प हुन पुग्दछन् । त्यो बेला पार्टीकै अस्तित्वमाथि प्रश्नचिन्ह खडा हुन पुग्दछ । तसर्थ, प्रकाशनको कामलाई हामीले वर्गीय विश्वदृष्टिकोण र वर्गचेतनाको एउटा प्रमुख मापनका रूपमा ग्रहणगर्नु पर्दछ ।

दोस्रोः आर्थिक व्यवस्थापनको समस्या । यो अति जटिल समस्या अवश्य नै हो, तर प्रकाशनको आवश्यकता र महत्वलाई सिङ्गो पार्टी पङ्क्तिले बुझ्न सकेमा यस समस्याको हल गर्न सकिन्छ । लेनिन भन्नुहुन्छ – "कम्युनिस्ट अखबारको अस्तित्वका लागि अति विशाल भौतिक र आर्थिक बलिदानको आवश्यकता निरन्तर रहिरहने छ । जबसम्म कम्युनिस्ट आन्दोलनको स्वयं बलियो आधार बन्ने गरी यो त्यस्तो दृढ सङ्गठनको स्थितिमा पुग्ने छैन र कानुनी जन पार्टी बीच त्यस्तो व्यापक प्रसारमा पुग्ने छैन त्यतिखेर सम्म यसको विकास र आन्तरिक सुधारका साधनहरू आम पार्टी सदस्यहरूबाट नै निरन्तर आपूर्त्ति हुनु पर्नेछ ।" (पार्टी संगठनका सिद्धान्तहरूः सन् १९२१ मा कम्युनिस्ट इन्टरनेस्नलको तेस्रो महाधिवेशनमा पारितः अनु. निनु चापागाईं, सिर्जनशीन प्रकाशन काठमाडौं, २०५७) । स्मरण रहोस्, रूसमा सन् १९१२-१३ को अति जटिल स्थितिमा त्यहाँका मजदुरहरूले आफ्ना तलबबाट आर्थिक सहयोग गरी "प्राब्दा" पत्रिकाका प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

तेस्रोः अन्य समस्या । साथै, प्रकाशनका क्षेत्रमा स्तरीयता, ग्राहक, बिक्री वितरण, विज्ञापन, सम्वाददाता आदिसित सम्बन्धित अनेकौं समस्या पनि छन् । परन्तु, पार्टी पङ्क्ति सचेत र एकढिक्का भई लाग्ने बित्तिकै हामीले प्रकाशनका समस्यालाई समाधान गर्न सक्तछौं र अनिवार्य रूपमा गर्नु पर्दछ ।

*९. आर्थिक व्यवस्थापनको समस्या*

पार्टीमा आर्थिक व्यवस्थापनको समस्या जटिल र गम्भीर बन्दै गएको छ । समस्याका कारण र समाधानका उपायबारे गम्भीर प्रकारको छलफल चलाउन जरूरी छ । आर्थिक समस्याको कारण पार्टीका कार्यालयहरूको सञ्चालन र प्रकाशन लगायत विविध प्रकारका समस्या पैदा हुँदै आएका छन् । आर्थिक व्यवस्थापनको समस्याका मूलतः दुई ओटा कारण रहेका छन् । पहिलो कारण पार्टीमा आर्थिक अनुशासन कमजोर बन्दै जानु हो । दोस्रो कारण विभिन्न प्रकारका वैकल्पिक उपायहरूको खोजी तथा तिनको कार्यान्वयनमा जोड दिन नसक्नु हो ।

आर्थिक समस्या वस्तुतः आर्थिक मात्र नभई वैचारिक समस्या हो । आर्थिक समस्याको समाधानका लागि यसरी सोच्न जरूरी छः पहिलो, आर्थिक अनुशासनको प्रश्नमा आवश्यक छलफल गरी निष्कर्षमा पुग्नु पर्दछ । दोस्रो, आत्मनिर्भरताको बाटो अवलम्बन गर्न तथा त्यसका विविध पक्षबारे ठोस प्रस्ताव ल्याउन जरूरी छ । र तेस्रो, विविध प्रकारका वैकल्पिक योजना बनाउनु आवश्यक छ ।

आर्थिक विषयसित सम्बन्धित प्रश्नमा केन्द्र, प्रदेश र जिल्लाहरूमा व्यापक बहस तथा छलफल चलाई सार्थक तथा परिणाममुखी निष्कर्ष निकाल्नु पर्दछ ।

*१०. आत्मालोचना-आलोचना*

पार्टीलाई गतिशील, जुझारू तथा क्रान्तिकारी रूपान्तरण गर्नका लागि आत्मालोचना र आलोचना पद्धतिको विशेष महत्व छ । तर, यस पद्धतिलाई व्यवस्थित र प्रभावकारी बनाउन भने सकिएको छैन । यसो हुनुको एउटा मुख्य कारण कमिटिहरू आकारका दृष्टिले अलि ठुला हुनु पनि हो । तर यति भनेर मात्र पुग्दैन । यस पद्धतिको उपादेयता र महत्व बुझ्नेबारे हामीमा अझै एकरूपता पैदा हुन सकेको छैन ।

आत्मालोचना र आलोचना पद्धतिको महत्व यस प्रकार रहेको छ – (१) यसले सम्बन्धित कमरेडहरूमा विद्यमान कमी, कमजोरी तथा सीमालाई सच्याउन र हटाउन राम्रो मद्दत गर्दछ । (२) आत्मालोचना-आलोचना पद्धति भनेको पार्टीमा विद्यमान अन्तर्विरोधहरूको समाधान गर्ने एउटा प्रमुख साधन हो । (३) यो पद्धति शुद्धीकरण आन्दोलनको एउटा महत्वपूर्ण प्रारम्भिक रूप हो । शुद्धीकरण आन्लदोलनमा एकता-आलोचना-एकताको प्रक्रिया अवलम्बन गरिन्छ र त्यसो गर्दा आलोचना-आत्मालोचनाको विधिलाई प्रयोगमा ल्याइन्छ । उक्त कुराहरूमाथि ध्यानदिदै हामीले आत्मालोचना-आलोचना गर्ने पद्धतिलाई केन्द्रीय समितिदेखि तलसम्म नियमित प्रक्रियाका रूपमा प्रयोगमा ल्याउन सक्दो प्रयन्त पर्दछ ।

***साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७***

# संसदीय व्यवस्था र नयाँ जनवादका सन्दर्भमा



● हस्तबहादुर केसी ●

***संसदीय व्यवस्था जनविरोधी व्यवस्था हो भन्ने कुरा आज विश्वमा प्रमाणित भइसकेको छ । त्यसैले नेपाली जनताले विश्वमा साम्राज्यवादमा गिरिसकेको , पुरानो र कालातीत भइसकेको पुँजीवादीहरूको संसदीय व्यवस्थाबाट मुक्ति पाउनु पूर्णतः असम्भव छ र आजको नेपाली नयाँ जनवादी क्रान्ति पुरानो पुँजीवादी क्रान्तिको अंग नभई सर्वहारा समाजवादी क्रान्तिको अंग बन्न पुगेको छ र त्यसैले जनवादको प्राप्ति पनि सर्वहारा वर्गको नेतृत्व र आम जनसमुदायको संयुक्त अधिनायकत्वमा मात्र हुन सक्छ ।***

**राज्यसत्ता बन्दुकको नालबाट जन्मन्छ ।**

**-माओत्सेतुङ**

नेपाल एउटा स्वतन्त्र , स्वाधीन सार्वभौमसत्तासम्पन्न राष्ट्र हो। नेपाल एउटा अर्ध सामन्ती नवऔपनिवेशिक राष्ट्र हो। यहाँ नयाँ जनवादी क्रान्ति सम्पन्न गरी जनताको जनवादी राज्य व्यवस्था हुदै वैज्ञानिक समाजवादी राज्य व्यवस्थाबाट साम्यवादमा पुग्ने नेपालका क्रान्तिकारी कम्युनिस्टहरूको लक्ष्य बाँकी नै छ ।

दस वर्षे जनयुद्ध र २०६२/२०६३ को १९ दिने ऐतिहासिक जनआन्दोलनको भावना र माग अनुसार २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन सम्पन्न भयो र २०६५ जेठ १५ गते सम्पन्न संविधानसभाको पहिलो बैठकले २४० वर्षे शाह बंशीय सामन्ती राजतन्त्रात्मक व्यवस्थाको अन्त्य गरेर लोकतान्त्रिक व्यवस्थाको स्थापना गरियो। लोकतान्त्रिक राज्य व्यवस्था सामन्तवादी राज्य व्यवस्था भन्दा एक कदम अगाडिको प्रगतिशील राज्य व्यवस्था हो ।

२०६८ जेठ १४ गते मध्यरातमा पहिलो संविधानसभा विघटन गरियो। त्यस दिनदेखि नेपालको राजनीतिमा प्रतिक्रान्तिको कालो बादल मडारियो ।

२०७२ साल असोज ३ गते पश्चगामी तथा प्रतिक्रियावादी संविधान जारी गरियो। र त्यस संविधान बमोजिम नाम मात्रको संघीय लोकतान्त्रिक व्यवस्था सहितको संसदीय व्यवस्था सञ्चालनमा ल्याइएको छ। यो एक प्रकारको पश्चगामी , प्रतिक्रियावादी र प्रतिक्रान्तिकारी संसदीय राज्य व्यवस्था हो । अर्थात यो राज्य व्यवस्था दलाल पुँजीपति तथा नोकरशाही र सामन्तवादीहरूको राजनीतिक प्रतिनिधित्व गर्ने प्रतिक्रियावादी राज्य व्यवस्था हो ।

यतिबेला नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को दुई तिहाई नजिक बहुमत रहेको संसदीय व्यवस्था छ। यो सरकारलाई कम्युनिस्टहरूको दुई तिहाईको सरकार पनि भनिएको छ ।

सात सात वटा प्रदेशसभा र प्रदेश सरकार गठन गरिएको छ। संघीय संसद र प्रदेश सभाषद समेत गरि ८८४ जना सभाषदहरूको व्यवस्था गरिएको छ र करीब ८०० जति स्थानीय तहका हजारौं स्थानीय जनप्रतिनिधिहरू क्रियाशील छन ।

यसमा केन्द्रीय सरकारमा नेपाली काँग्रेस प्रमुख प्रतिपक्ष रहेको छ भने सात प्रदेश मध्ये २ नम्बर प्रदेश मधेसवादी दलहरूको सरकार छ भने बाँकी ६ प्रदेशहरूमा नेकपाकै एकलौटी सरकारहरू सञ्चालनमा छन ।

यसरी सत्ताधारी नेकपाले यही संसदीय व्यवस्थालाई समाजवाद उन्मुख व्यवस्था हो भनेको छ र संसदीय व्यवस्थाबाट समाजवादी व्यवस्था लागू गरिने तर्क अगाडि सार्दै आएको छ ।

नेपाली काँग्रेस विचारधाराकै आधारमा संसदीय बहुदलिय पुँजीवादी राज्य व्यवस्थालाई नै उत्कृष्ट व्यवस्था मान्दछ र मान्दै आएको छ। यही २०७२ को नेपालको संविधानलाई संसारकै उत्कृष्ट संविधान भन्दै आएको छ र यही संसदीय व्यवस्थालाई संसार कै उत्कृष्ट व्यवस्था हो भन्दै आएको छ ।

मधेसवादी दलहरू र राप्रपाले समेत यही संसदीय व्यवस्थालाई स्वीकार्दै आएका छन । राप्रपा भित्र र नेपाली काँग्रेस भित्र हिन्दु राज्यको वकालत गर्नेहरू पनि छन भने राप्रपा भित्र राजतन्त्र सहितको बहुदलिय व्यवस्थाको लक्ष्य समेत राखिएको छ ।

यसको ठिक विपरीत नेकपा (क्रान्तिकारी माओवादी) , नेकपा (मसाल) , नेकपा ( माले) , ऋषि कट्टेलले नेतृत्व गरेको नेकपा , नेकपा (माके) लगायतका क्रान्तिकारी खेमाका कम्युनिस्ट पार्टीहरूले नयाँ जनवादी क्रान्ति सम्पन्न गरि वैज्ञानिक समाजवाद हुदै वैज्ञानिक साम्यवादसम्म पुग्न लक्ष्य राखेर क्रान्तिका कामलाई अगाडि बढाइरहेका छन ।

यसको अतिरिक्त विप्लव नेतृत्वको नेकपाले वैज्ञानिक समाजवाद स्थापनाको लागि एकीकृत जनक्रान्तिको मुख्य कार्यदिशा बोकेर क्रान्तिको कामलाई अगाडि बढाइरहेको छ ।

यसरी आज नेपाली जनताका राष्ट्रियता ,जनतन्त्र र जनजीविकाका आधारभूत समस्याहरू समाधान भएका छैनन। यी समस्याहरूको समाधान कसरी हुन सक्छ ? के नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न भइसक्यो ? के वैज्ञानिक समाजवादी राज्य व्यवस्था स्थापना गर्ने बेला आइसक्यो ? अतः यसको लागि संसदीय व्यवस्था उपयुक्त व्यवस्था हो या नयाँ जनवादी राज्य व्यवस्था ? वर्तमान नेपाली राजनीतिको बहसको मुख्य विषय यही हो ।

हामी कम्युनिस्ट क्रान्तिकारीहरूले राज्य व्यवस्थाका बारेमा मालेमावादी राज्य व्यवस्थालाई हेर्न विश्वदृष्टिकोणका आधारमा हेरिनु पर्दछ। र हामीले समाज विकासका नियमहरूलाई ऐतिहासिक भौतिकवादी सिध्दान्त र विश्वदृष्टिकोणका आधारमा हेर्ने , बुझ्ने र बदल्ने मालेमावादी सिध्दान्त र विश्वदृष्टिकोणका आधारमा कुनै पनि राज्य व्यवस्थालाई हेर्नु पर्ने हुन्छ ।

नेपालमा आज जुन राजनीतिक पार्टीहरू छन , ती मध्ये कुन पार्टी जनताको पक्षमा काम गर्ने पार्टी हो र कुन होइन , यो कुरा छुट्याउनका लागि कुन व्यवस्थाबाट जनताका आधारभूत समस्याहरू हल हुन सक्छन र कुन बाट सक्तैनन , यो कुरा स्पष्ट हुन जरुरी छ र त्यसैका आधारमा राजनीतिक पार्टीहरूलाई चिन्न र बुझ्न सजिलो हुन्छ। यो नै मालेमावादी पध्दति पनि हो ।

विश्व मानव समाजको विकासक्रममा दासयुगिन समाज व्यवस्थाको अन्त्य पछि निर्माण भएको सामन्तवादी राज्य व्यवस्था लामो अवधिसम्म कायम रहयो ।

सामन्तवादका विरुद्धको संघर्षको क्रममा संसदीय पुँजीवादी राज्य व्यवस्थाको जन्म भयो। फ्रान्स , इङ्ल्याण्डका नवजात पुँजीपतिहरूले स्वतन्त्रता , समानता र भातृत्वको नारा लगाउदै अगाडि बढे । र यिनै नारालाई केन्द्रविन्दु बनाई पश्चिम युरोपका कैयौं देशहरूमा पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भए। त्यो बेला पुँजीपति प्रगतिशील वर्ग थियो र त्यसले अगाडि सारेको राजनीतिक अर्थात संसदीय व्यवस्था पनि प्रगतिशील थियो। तर यहाँनेर ध्यान दिनुपर्ने कुरा के छ भने आज त्यो युग र त्यो परिस्थिति समाप्त भइसकेको छ र त्यसैले पुँजीपति वर्ग र उसको व्यवस्था संसदीय प्रजातन्त्रको प्रगतिशलता पनि समाप्त भइसकेको छ ।

नव उदयमान पुँजीवाद मध्ययुगिन सामन्तवादको तुलनामा प्रगतिशील भए पनि जब पुँजीवादको विकासका साथ साथै सर्वहारा वर्गको पनि विकास भएर गयो , जब पुँजीपति वर्ग सर्वहारा वर्गको श्रमशक्तिको शोषण गरि बाँच्ने परजीवी वर्गको रूपमा देखा पर्यो , जब त्यसले आफ्नो हकहितका लागि लड्दै पेरिस कम्युनका सर्वहाराहरूमाथि पाशविक र क्रुर आक्रमण गयी र जब पुँजीवाद साम्राज्यवादमा विकसित भयो र त्यसले आफ्नो देशका श्रमजीवी वर्ग मात्र होइन , अविकसित देशका जनताको शोषणका लागि पुँजी नियार्त एवं खुला सैनिक आक्रमण र हस्तक्षेप समेत गर्न पुग्यो , सो बेलादेखि पुँजीवादको अर्थ युध्दपिपाशु साम्राज्यवाद बन्न पुग्यो ।

त्यस पछि स्वतन्त्रता , समानता र भातृत्वको नारा दिने पुँजीपति वर्ग श्रमजीवी जनताको स्वतन्त्रता , समानता र भातृत्वको विरुद्ध खडा भयो। र , त्यसले मुखमा प्रजातन्त्र र हातमा बन्दुकको सहारा लिएर जनतामाथि अधिनायकवाद चलाउन पुग्यो ।

इतिहास साक्षी छ त्यसैबेला जर्मनीमा हिटलर , मुसोलिनी र चीनमा च्यङकाइसेकको उदय भयो र प्रथम र दोस्रो जस्ता नरसंहारकारी विश्व युध्दका घटनाहरू घटित हुन पुगे । यसै परिप्रेक्षमा पुँजीवाद र संसदीय व्यवस्थाको विरोधमा सम्पूर्ण शोषण, अन्याय र अत्याचारको विरोधमा मार्क्सको पथप्रदर्शक र निर्देशनमा सर्वहारा जनवाद र वर्ग मुक्तिको नारा घन्काउदै विश्व मानवजातिकोे इतिहासमा सबैभन्दा क्रान्तिकारी र सबैभन्दा प्रगतिशील वर्गका रूपमा सर्वहारा वर्ग देखा पर्यो । यसरी विश्वमा सर्वहारा वर्ग नयाँ युग र नयाँ क्रान्तिको नायक बनेर जन्मियो ।

यसै क्रममा सन १९१७ अक्टोबर २५ का दिन रुसमा सर्वहारा वर्गको नेतृत्वमा महान समाजवादी क्रान्ति सम्पन्न भयो र विश्वमा पहिलो पटक सर्वहारा अधिनायकत्व स्थापना हुन पुग्यो। यसले विश्व कम्युनिस्ट आन्दोलनमा ठूलो प्रभाव पार्यो ।

त्यस पछि विश्वका कैयौं उत्पीडित देशहरूमा सर्वहारा वर्गको नेतृत्व र जनताको संयुक्त अधिनायकत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न भए। भियतनाम र उत्तर कोरियामा सन १९४५ मा र चीनमा सन १९४९ मा नयाँ जनवादी क्रान्ति सम्पन्न भयो। कम्वोडिया , क्युवा आदि देशहरूमा पनि क्रान्ति सम्पन्न भए । पूर्वी युरोपका २० आौ देशहरूमा रुसी मोडलको समाजवाद पहिले नै लागु गरिएको थियो ।

माथि उल्लेखित ती सबै ऐतिहासिक घटनाक्रमबाट विश्वमा संसदीय व्यवस्था पुरानो र मालातीत बस्तु बन्न गयो र आजको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा नयाँ जनवाद र वैज्ञानिक समाजवाद क्रान्तिकारी राज्य व्यवस्था प्रमाणित हुन पुगेको छ ।

रुस, चीन लगायतका पुराना समाजवादी देशहरूमा प्रतिक्रान्ति भएका भए पनि जनवादी क्रान्ति र विश्व सर्वहारा क्रान्तिको आौचित्य समाप्त भएको होइन , अरु बढेर गएको छ ।

आज नेपाली कम्युनिस्ट आन्दोलनमा नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न भइसक्यो। अब नयाँ क्रान्तिको आौचित्य छैन। आजको यही संघीय लोकतान्त्रिक व्यवस्था नै जनवादी व्यवस्था हो र शान्तिपूर्ण तरिकाले समाजवादमा संक्रमण गर्न सकिन्छ । यो मूलतः सत्ताधारी नेकपाको धारणा हो ।

यही वर्तमानको प्रतिक्रियावादी एवं पश्चगामी तथा प्रतिक्रान्तिकारी सरकारलाई नै सबैले कम्युनिस्टहरूको सरकार मान्नु पर्छ भन्ने सत्ताधारी नेकपाले प्रचार गरिरहेको छ। अर्कोतिर संघर्षरत क्रान्तिकारी कम्युनिस्ट पार्टी र शक्तिहरूले नयाँ जनवादी क्रान्तिका बाँकी काम र अविभारा पुरा गरि जनताको जनवादी राज्य व्यवस्था हुदै वैज्ञानिक समाजवादी राज्य व्यवस्थामा संक्रमण गरेर वैज्ञानिक साम्यवादसम्म पुग्ने बाटो तय गर्ने रणनीतिक योजनाका सात क्रान्तिको कामलाई अगाडि बढाइरहेका छन ।

यसप्रकारका धारणा राख्नेहरूमा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) , नेकपा (मसाल) ,नेकपा (माले), नेकपा (माके) नेकपा , नेकपा (बोल्सेविक) , विप्लव नेतृत्वको नेकपा लगायतका क्रान्तिकारी खेमाका कम्युनिस्ट पार्टीहरू रहेका छन ।

आज हाम्रो देशमा लोकतन्त्र , प्रजातन्त्र भन्ने बित्तिकै त्यो सबै वर्गका लागि हुन्छ र त्यो विशुद्ध हुन्छ भन्ने बारेमा निकै भ्रम रहदै आएको छ ।

संसदीय व्यवस्था कस्तो व्यवस्था हो ? त्यो कुरा त पेरिस कम्युनले उद्घाटन गरिदियो। यश विषयमा कार्ल मार्क्सले के कुरा बताउनु भएको छ भने ू तीन या छ वर्षमा शासक वर्गको कुन सदस्य प्रतिनिधि बनेर जनताको दमन गर्ने हो भन्ने संसदीय व्यवस्थाको तुलनामा कानुन पनि बनाउने र त्यसको स्वएम लागु पनि गर्ने ‘कम्युन जनता’ श्रमिक जनताका लागि सशक्त व्यवस्था सिध्द भयो ।

मार्क्सले ‘संसद भनेको बुर्जुवाहरूको गफ गर्ने थलो हो’ भन्नू भएको छ ।

त्यस्तै संसदीय व्यवस्थाका विषयमा चर्चा गर्दै लेनिनले भन्नुभएको छ ‘अमेरिकादेखि स्विटजरल्याण्डसम्म , फ्रान्सदेखि इङ्गल्याण्ड,नर्वे आदिसम्म चाहे कुनै संसदीय देशलाई लिनुहोस , राज्यका असली काम पर्दाको आडमा फत्ते गरिन्छन। र , त्यो काम दफ्तर र फौजी सदरमुकाममा पर्दछ। संसदलाई आम जनता बेबकुफ बनाउने उध्देश्येले बकवास गर्नका लागि जिम्मा लिइन्छ ।’

त्यस्तै कमरेड माओले संसदलाई ‘खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने पसल हो ।’ भन्नु भएको छ ।

हो आज मार्क्स , लेनिन र माओले भने जस्तै इतिहासले के कुरा प्रमाणित गरिसकेको छ भने संसदीय व्यवस्था जनतालाई बेबकुफ बनाउने व्यवस्थाबहेक अरु केही होइन ।

यहाँनेर छलफल गर्न जरुरी छ कि यो किन ? यसकारण कि पुँजीपति वर्गले र शोषक वर्गले असली राज्यसत्ता बन्दुकको भरमा टिकेको हुन्छ , शोषक वर्गको राज्यमेशिनरीले जनतालाई निर्मम तरिकाले कुल्चने र दबाउने काम गर्दछ ।

हामीलाई थाहै छ यो यसकारण कि संसदमा गएका प्रतिनिधिहरू खाली प्रजातन्त्र , लोकतन्त्रको राग अलाप्ने र जनता ठग्नका लागि बकवास गर्ने मात्र हुन। त्यसैले त यहाँनेर मार्क्सले भन्नुभएको छ, ‘राज्यमेशिनरी एक वर्गको हातबाट अर्को वर्गको हातमा सर्ने चीज होइन , सर्वहारा वर्गले जनताले पुरानो राज्यमेशिनरीलाई ध्वस्त पारेर नयाँ राज्मेशिनरीको निर्माण गर्नु पर्छ ।’

साथै यहाँनेर कमरेड माओले ‘राज्यसत्ता बन्दुकको नालबाट जन्मन्छ ’ भन्ने कुरा पनि ठिक यसै अर्थमा भन्नुभएको हो ।

तसर्थ संसदीय व्यवस्था जनविरोधी व्यवस्था हो भन्ने कुरा आज विश्वमा प्रमाणित भइसकेको छ। त्यसैले नेपाली जनताले विश्वमा साम्राज्यवादमा गिरिसकेको , पुरानो र कालातीत भइसकेको पुँजीवादीहरूको संसदीय व्यवस्थाबाट मुक्ति पाउनु पूर्णतः असम्भव छ र आजको नेपाली नयाँ जनवादी क्रान्ति पुरानो पुँजीवादी क्रान्तिको अंग नभई सर्वहारा समाजवादी क्रान्तिको अंग बन्न पुगेको छ र त्यसैले जनवादको प्राप्ति पनि सर्वहारा वर्गको नेतृत्व र आम जनसमुदायको संयुक्त अधिनायकत्वमा मात्र हुन सक्छ ।

२०४७ सालदेखि आजसम्म हाम्रो देशमा निरन्तर रूपमा संसदीय व्यवस्था सञ्चालन हुदै आएको छ। संसदीय व्यवस्थाबाट नेपाली जनताले के पाए के गुमाए। जनता स्वएम जानिफकार छन। अर्थात ३० वर्षको अबधिमा संसदीय व्यवस्थाले नेपाली जनताका आधारभूत समस्याहरू के कति हल गर्यो त ? जनता स्वएमले , राम्ररी हिसाब किताब राखेका छन नै ।

वर्गसमाजमा प्रजातन्त्रको , लोकतन्त्रको चरित्र वर्गीय हुन्छ। संसदीय व्यवस्था जनतामाथि तानाशाही लाद्ने शोषकहरूको प्रजातन्त्र हो, लोकतन्त्र हो , जनताको जनवाद भनेको अन्ततः नयाँ जनवाद नै हो

नयाँ जनवाद ८५ प्रतिशत जनताको पूर्ण जनवाद हो। त्यसैले नयाँ जनवादले नेपाली जनतालाई आर्थिक , राजनीतिक ,सामाजिक , साँस्कृतिक हरक्षेत्रमा सामन्तवाद र साम्राज्यवादका विरुद्ध मुक्ति प्रदान गर्दछ। जनताका राष्ट्रियता , जनतन्त्र र जनजीविकाका आधारभूत समस्याको असली हल पनि नयाँ जनवाद नै हो। र , त्यो बलप्रयोगको भूमिकाद्वारा मात्र प्राप्त हुन सक्छ ।

आज दक्षिणपन्थी संशोधनवाद हुदै प्रतिक्रियावादमा पतन भइसकेका नामधारी कम्युनिस्टहरू संसदीय व्यवस्थाको राजनीतिक ध्रुवमा खडा भएका छन भने अर्कोतिर सच्चा देशभक्त , जनवादी र वामपन्थी शक्तिहरू , क्रान्तिकारी कम्युनिस्टहरू नयाँ जनवादी व्यवस्थाको दोस्रो ध्रुवमा खडा छन ।

त्यसैले आजको हाम्रो देशको राजनीतिक क्षेत्रको लडाइँ संसदीय व्यवस्थालाई नै शिरोधार्य गरेर बस्ने कि नयाँ जनवाद हुदै वैज्ञानिक समाजवादमा पुग्नका लागि अगाडि बढ्ने भन्ने मौलिक प्रश्नसित जोडिएको छ र हरेक राजनीतिक शक्ति पनि यसै राजनीतिमा संलग्न छन ।

इसप्रकारको विषम परिस्थितिमा सच्चा देशभक्त , जनवादी र वामपन्थीहरूमाथि साम्राज्यवादमा गिरिसकेको र सढेगलेको पुँजीवादी संसदीय विरोध र भण्डाफोर गर्दै नयाँ जनवादी क्रान्तिको पक्षमा व्यापक रूपमा जनमत तयार पार्नका लागि इतिहासले एक महान जिम्मेवारी र एक महान् अवसर र चुनौती सुम्पिदिएको छ ।

आज हाम्रो देशका हरेक देशभक्त , जनवादी र वामपन्थी तथा क्रान्तिकारी कम्युनिस्टहरूले यो महान् जिम्मेवारी बहन गर्नु परेको छ। यो जनताको माग हो। देशको आवश्यकता हो । इतिहासको माग पनि हो ।

आज हाम्रो देशको राजनीतिका केवल दुईवटा बाटा छन । एउटा बाटो हो- दलाल पुँजीपति वर्ग तथा नोकरशाही सामन्त वर्गको सत्ता, संसदीय व्यवस्थाका विरुद्ध क्रान्ति र आमूल परिवर्तनको बाटो र त्यसको तयारीका लागि त्याग , बलिदान तथा आत्मोत्सर्गको बाटो र अर्को बाटो हो, पद , प्रतिष्ठा र स्वार्थका लागि सुविधाभोगी राजनीतिका लागि जनता र क्रान्तिप्रति विश्वासघात गर्दै साम्राज्यवाद , विस्तारवाद र सबै खाले प्रतिक्रियावादका सामु वर्गीय रूपमा र राजनीतिक रूपमा आत्मसमर्पण , पलायन र संसदीय दलदलमा कहिल्यै न उम्कने गरि फस्ने बाटो ।

हामीलाई थाहै छ कि फरक यति मात्रै छ कि पहिलो बाटो आमूल परिवर्तन र जनमुक्तिका लागि योध्दा एवं वीरहरूले रोज्ने छन र दोस्रो बाटोमा क्रान्तिप्रति विश्वासघात गर्ने गध्दार एवम् कायरहरले रोज्ने छन। इतिहासको शिक्षा पनि यही नै छ ।

(लेखक अन्तर्राष्ट्रिय लेखक तथा पत्रकार केन्द्रका अध्यक्ष हुन्) ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## संस्कृति विशेष लेख



• हिरामणि दुःखी •

# चाडपर्व, कम्युनिष्ट र भौतिकवाद

*भौतिकवादले पौराणिक मिथोलोजीलाई इतिहास मान्दैन । किनकि यसको तथ्य प्रमाण हुँदैन । यो एउटा साहित्य मात्रै हो । कविला समाजका घटनालाई मिथोलोजी बनाएर माहाख्यान तयार गरियो । तिनै आख्यानलाई पुरोहितहरूले आफ्नो वर्ग स्वार्थका लागि पुराण र शास्त्र बनाएर जनतामा थोपरे । स्वर्ग र नर्कका भयानक कथा रचेर जनतामा स्वर्गको आस र नर्कका त्रास देखाएर सत्ता सञ्चालनका अचुक शुत्र तयार पारे । आज विज्ञानले पृथ्वी, सौर्यमण्डल हुँदै ब्रह्माण्डसमेतको विहङ्गम अध्ययन गरिरहेको छ । यो सबै भौतिकवादी दर्शनमा आधारित छ । कम्युनिस्टहरू भौतिकवादी दर्शनलाई स्वीकार गर्ने भएकाले पौराणिक मिथहरूलाई मिथकै रूपमा लिन्छन्*

हिन्दू धर्म परम्परामा आधारित चाडपर्वहरू सामान्यतया साउन महिनामा पर्ने नागपञ्चमीबाट शुरु हुन्छ । त्यसपछि जनैपूर्णिमा, गाइजात्रा, कृष्णअष्टमी हुँदै तीज, पञ्चमी, गौरा, कुशेऔँशी, सोहश्राद्धेपछि बडादशैँ, तिहार र छठजस्ता अली ठूला पर्वहरू आउँछन् । क्रमशः विभिन्न चाडपर्वहरू हुँदै चैतेदशैँमा पुगेर बर्सका चाडपर्वहरू समाप्त हुन्छन् । यसबिचमा विभिन्न जनजाति तथा विशेष समुदायका आआफ्नै मौलिक परम्परामा आधारित विभिन्न चाडपर्वहरू पनि पर्दछन् । यी सबै चाडपर्वहरू पौराणिक मिथोलोजीका उपज हुन् । त्यसैगरि हिन्दू धर्म अन्तरगतका कैयौँ संस्कारहरू पनि प्रचलनमा रहि आएका छन् । चाडपर्व नमनाउँदा र संस्कारहरूलाई अस्वीकार गर्दा 'नर्क'मै परिन्छ भन्ने प्रकारले कर्मकाण्डका पुरोहितहरूले ब्याख्या गर्ने गरेका छन् । संस्कार र चाडपर्वहरूलाई धर्मकै रूपमा लिने पनि गरिएको छ । यद्यपि चाडपर्व, संस्कार वा संस्कारजन्य कृयाकलापहरू र धर्म फरक कुराहरू हुन् । धर्म नमान्दा पनि मानव जीवनका लागि आवश्यक नयाँ कुराको विकास गरेर नयाँ चाडपर्व र संस्कारहरू मान्न सकिन्छ । किनकि संस्कार र पर्वहरू भौतिकवादी पनि हुन सक्छन् । बनाउन सकिन्छ । यो नयाँ निर्माणको कुरा हो । जहाँसम्म मिथोलोजीकल पर्व र संस्कारहरू छन् ती सबै आध्यात्मिक दर्शनमा आधारित छन् । तिनले मानिसलाई 'स्वर्ग'को आस र 'नर्क'को त्रास देखाएर भ्रमित गरेको छ । जो सत्तासिन शोषक वर्गको स्वार्थमा नीहित छ ।

नेपाल विभिन्न जाति, धर्म, वर्ग र संस्कृतिमा आधारित जनसमुदायको बाहुल्य भएको देश हो । यद्यपि यहाँ साढे दुईसय बर्सदेखि खसआर्यहरूको एकल जाति, धर्म र संस्कृतिको एकात्मक राज्यसत्ता सञ्चालनमा छ । व्यवस्थाका नाम र शाषकहरूका अनुहार जेजति बदलिए पनि सत्ताको वर्गचरित्र पुरानै रहेको छ । विद्यमान लोकतान्त्रिक सङ्घीय गणतन्त्र भनिएको व्यवस्थाको स्वरूप र चरित्र पनि एकात्मक नै हो । यो हिन्दू धर्म संस्कृतिमा आधारित कथित उच्च जातीय र उच्च वर्गीय शाषकहरूको सत्ता हो । त्यसैले विगत साढे दुईसय बर्सदेखि शाषक वर्गले एउटै धर्म, संस्कार संस्कृति र चाडपर्वहरूलाई राष्ट्रिय मानक दिएर सबै जात जातिमा लादेर आयो । हुँदा हुँदा वहुराष्ट्रिय कम्पनीहरूले आफ्ना उत्पादित वस्तुहरूमा पनि यसैलाई विज्ञापन बनाएर कर्पोरेट संस्कृतिमा रुपान्तरण गरिदिए । फलस्वरूप आज कैयौँ चाडपर्व र संस्कारहरू फेसनको रूपमा पनि व्यापक बनेका छन् । तिनलाई विभिन्न राजनीतिक दलहरूले संरक्षण दिने र प्रोत्साहन गर्दै जाँदा कर्पोरेट मालिकहरूलाई झन् बढि फाइदा हुँदै गएको छ । जस्तो कि एक महिनादेखि तीजको दर खाने र त्यहाँ विभिन्न राजनीतिक दलको शीर्ष नेताहरू सहभागी भएर शुभकामना आदान प्रदान गर्नु, दशैँ, तिहार, छठहरूका सन्दर्भमा चियापान समारोह गरेर कर्पोरेट बजारका उत्पादनहरू सेवन गर्दै 'जस्न' मनाउनु र शुभकामना साटासाट गर्नु आदि । यसले त झन् पौराणिक मिथोलोजीलाई अकाट्य तथ्यमा परिणत गर्दै जान्छ र गएको छ ।

चाडपर्व र संस्कार संस्कृतिहरूका सबै नकारात्मक पक्ष मात्रै हुन्छन् भन्ने यो स्तम्भकारको भनाई होइन । हिन्दू धर्मको विकास र विस्तार हुनु भन्दा पहिला नेपाली भूगोलमा सनातन वैदिक धर्म र प्राकृत धर्म प्रचलनमा भएको कुरा यसका जानकार विद्वानहरूले भन्दै आएका छन् । वेदहरू चार वटा छन् । र, ती सबैमा प्रकृति, यसको श्रृष्टि र मानव जीवनका सम्बन्धका विषयमा चर्चा गरिएको छ । वेदहरूमा कतिपय सन्दर्भमा आध्यात्मिक संस्कारहरूको चर्चा गरिए पनि मुलतः वेदहरूको सार भौतिकवाद हो भन्ने तर्कहरू पनि विद्वानहरूले गर्दै आएका छन् । त्यस्तै प्राकृत धर्म मान्दै आएका विशेषतः जनजातिहरूमा प्रकृति पूजाका पर्व र संस्कारहरू प्रचलनमा रहेका छन् । संस्कृति पनि त्यसै अनुसार विकसित हुँदै आएका छन् ।

अब कम्युनिस्ट पार्टी र तिनको धर्म, चाडपर्व र संस्कारहरूका सम्बन्धमा मान्यता के हुनु पर्ने हो तर के भइआएको छ भन्ने कुराको सङ्क्षिप्त चर्चा गरौँ ।

कम्युनिस्ट हुनु भनेको भौतिकवादी हुनु हो । किनकि कम्युनिस्ट भनेको आजको सन्दर्भमा मार्क्सवाद-लेनिनवाद-माओवादी विचार दर्शनलाई आत्मसात गर्नु हो । वा न्युनतम पनि मार्क्सवादी दर्शन स्वीकार गर्नेहरू मात्रै सच्चा कम्युनिस्ट हुन्छन् । नेपालमा जेजति कम्युनिस्ट हौँ भन्ने मानिस छन् र कम्युनिस्ट नामका राजनीतिक दलहरू छन् ती मध्य अधिकांश कम्युनिस्ट नै होइनन् । ती बजारमा राखिएका एउटै गुण, विशेषता भएका सामानका फरक फरक ट्रेडमार्क भए जस्तै हो । एउटै प्रकृतिका चिया पसलहरूका फरक फरक नाम भएजस्तै राजनीतिक दलहरूका पनि फरक फरक नाम रहेका हुन् । तिनका चरित्र, लक्ष्य, उद्देश्य र दृष्टिकोण फरक नभएर समान छन् ।

आज सत्तासिन रहेको कम्युनिस्ट पार्टी, त्यसै सेरोफेरोका अन्य कम्युनिस्ट पार्टीहरू (जो संसदीय व्यवस्थालाई स्वीकार गरेका छन्) र काङ्ग्रेस, राप्रपा, वा मधेशवादी दलहरूका चरित्र, राजनीति, संस्कार, लक्ष्य, उद्देश्य, सिद्धान्त र ब्यवहारमा रौँ बराबरको पनि अन्तर छैन । तीनवटै तहमा दुइतिहाई बर्चस्व जमाएर सत्ता चलाएको 'कम्युनिस्ट' पार्टीका कारण जनतामा सच्चा कम्युनिस्ट र नक्कली कम्युनिस्ट छुट्याउने अलमल पैदा भएको छ । आम जनताले सिद्धान्त र दर्शन बुझेका पनि हुँदैनन् । दोस्रो कुरा सत्ता बाहिर रहेका अन्य कम्युनिस्ट पार्टीका पनि धेरै कार्यकर्ताहरूमा सिद्धान्त, दर्शन तथा वैचारिक अध्ययनको खडेरी छ । जसका कारण तिनीहरूमा पनि वस्तुलाई हेर्ने र पर्गेल्ने समस्या रहेका छन् । त्यसैले पनि पौराणिक मिथोलोजीमा आधारित संस्कार, संस्कृति वा चाडपर्वहरूलाई छोड्न सकिरहेका छैनन् । छोड्नु पर्ने कुरा गरियो भने पनि विकल्प के हो त भन्ने प्रश्न उठाउने गर्छन् । यसको अर्थ दशैँ, तिहार, तीज, पञ्चमी आदि इत्यादिका तत्तत् प्रकारका विकल्प चाहियो अनि मात्रै पुराना पर्व वा संस्कारहरूलाई हटाउन सकिन्छ भन्ने हो । नत्र विकल्प नहुँदासम्म तिनैलाई मानिराख्नु पर्छ भन्ने तर्क आउँछ र आइरहेको छ । वास्तवमा यो मार्क्सवादी तर्क होइन ।

तीजमा जनवादी गीत (समाज रूपान्तरका चेतनामुलक गीत) गाएर तीज मनाउनु, साथी साथीहरू मिलेर मिठो मसिनु खानपिन गर्नु, त्यसैगरी जनवादी गीत नाच लिएर चेतनामुलक सन्देश प्रवाहका भैलो भट्याएर तिहार मान्नुलाई केही बर्सदेखि कम्युनिस्टहरूले जनवादी संस्कृति भन्दै पनि आएका छन् । वास्तवमा यो पनि हात घुमाएर कान छुनु जस्तै हो । यो वैकल्पिक पर्व वा संस्कृति होइन । तर यस्तो तरिका नेपालका कम्युनिस्टहरूले पञ्चायतकालदेखि नै अपनाउँदै आएका हुन् ।

सिङ्गो मुलुकमै कम्युनिस्ट नामको पार्टीको बर्चस्व रहँदा र कम्युनिस्ट नामकै पार्टीको सरकार हुँदा पनि किन सामज रूपान्तरण हुन सकिरहेको छैन ? यो निकै गम्भीर प्रश्न हो । र, आजको जटील समस्या पनि हो । वास्तविक कम्युनिस्टहरूका लागि यो चुनौतीको विषय बनेको छ । झापा आन्दोलनका नायकहरू तथा जनयुद्धका नायकहरू सम्मिलित पार्टीको नेतृत्व तीनै तहको सरकारमा हुँदा पनि देश झन्झन् विकराल बन्दै जानु र सांस्कृतिक रूपान्तरण अधोगतिमा ओर्लनुले जनतामा व्यापक निरासा पैदा गरेको छ । यसले सत्तामा जुन जोगी आए पनि कानै चिरेको उखानलाई बलियो बनाएको छ । यो सबै हुनुमा सत्तासिनहरू कम्युनिस्ट सिद्धान्तबाट च्युत हुनु हो । तर यो कुरो आम जनतालाई कसरी बुझाउने ? यो आजका सच्चा कम्युनिस्टहरूका लागि चुनौती बनेर खडा भएको छ ।

भौतिकवाद वस्तु (पदार्थ)लाई प्रधान ठान्ने विश्वदृष्टिकोण हो । यसलाई ऐतिहासिक श्रृङ्खलामा द्वन्द्ववादी तरिकाले अध्ययन गर्नुपर्ने तर्क सर्वप्रथम मार्क्सले प्रस्तुत गर्नुभयो । यसैलाई मार्क्सवाद भनियो । त्यसैले मार्क्सवाद द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादमा आधारित दर्शन हो । यसले वस्तु अर्थात् पदार्थ र चेतनामा पदार्थलाई पहिलो र प्रधान ठान्छ । पदार्थबाटै चेतनाको निर्माण हुन्छ । त्यसको अर्थ प्रकृतिमा भएका हरेक कुरालाई द्वन्द्ववादी भएर मूल्याङ्कन वा विश्लेषण गर्नु हुन्छ । त्यसैले चाडपर्वहरूलाई पनि हेर्ने दृष्टिकोण कम्युनिस्टहरूको द्वन्द्ववादी तथा भौतिकवादी हुन्छ र हुनुपर्छ । भौतिकवाद र अध्यात्मवाद एकअर्कामा विपरित दर्शन वा दृष्टिकोण हुन् । यी एकअर्काका विरोधी दर्शन भन्न पनि सकिन्छ । भौतिकवादले पौराणिक मिथोलोजीलाई इतिहास मान्दैन । किनकि यसको तथ्य प्रमाण हुँदैन । यो एउटा साहित्य मात्रै हो । कविला समाजका घटनालाई मिथोलोजी बनाएर माहाख्यान तयार गरियो । तिनै आख्यानलाई पुरोहितहरूले आफ्नो वर्ग स्वार्थका लागि पुराण र शास्त्र बनाएर जनतामा थोपरे । स्वर्ग र नर्कका भयानक कथा रचेर जनतामा स्वर्गको आस र नर्कका त्रास देखाएर सत्ता सञ्चालनका अचुक शुत्र तयार पारे । आज विज्ञानले पृथ्वी, सौर्यमण्डल हुँदै ब्रह्माण्डसमेतको विहङ्गम अध्ययन गरिरहेको छ । यो सबै भौतिकवादी दर्शनमा आधारित छ । कम्युनिस्टहरू भौतिकवादी दर्शनलाई स्वीकार गर्ने भएकाले पौराणिक मिथहरूलाई मिथकै रूपमा लिन्छन् । त्यसैअनुसार ग्रहण गर्छन् । त्यसैले हिन्दू होस् वा कुनै पनि धर्मबाट सिर्जित पौराणिक कथामा आधारित चाडपर्वहरूलाई अस्वीकार गर्छन् । यस्ता चाडपर्व, संस्कार र संस्कृति मान्दैमा स्वर्ग वा नर्कमा जाने भन्ने कुरालाई भ्रम ठान्दछन् । र, मानिसको मृत्युपछि अर्को जन्म लिने भन्ने कुरा पनि अबैज्ञानिक र अवस्तुवादी ठान्दछन् ।

*२३, असोज २०७७*

## कम्युनिस्ट...

सदस्य कमरेड जगत श्रेष्ठको स्मृतिमा श्रद्धाञ्जली सभा सम्पन्न गरिएको छ । क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको आयोजनामा सम्पन्न श्रद्धाञ्जलीसभामा कमरेड जगत श्रेष्ठको फोटोमा माल्यार्पणका साथै १ मिनेट मौनधारणसहित श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

कार्यक्रममा पार्टीको तर्फबाट समवेदना पत्र पार्टी महासचिव मोहन वैद्य'किरण'ले दिवंगत कमरेड जगत श्रेष्ठका माइला छोरा र जेठी बुहारीलाई हस्तान्तरण गर्नुभएको थियो ।

पार्टी महासचिव मोहन वैद्य'किरण'को अध्यक्षता र पार्टी प्रवक्ता कमरेड प्रतीकको सञ्चालनमा सम्पन्न श्रद्धाञ्जलीसभामा महासचिव किरणले कमरेड जगत श्रेष्ठले सँधैभरि क्रान्तिकारी धारामा अभिएर सबैभन्दा ठूलो त्याग र योगदान गर्नुभएको बताउनु भयो । उहाँ घरमा अचानक लडेर घाइते हुनुभन्दा केही दिन अघिमात्र भएको कुराकानीको बारेमा उल्लेख गर्दै महासचिव किरणले भन्नुभयो- 'भारतको हेपाहा प्रवृत्तिको सँधै विरोध गर्नुपर्छ । भारतीय विस्तारवादका अगाडि झुक्नु हुँदैन । भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध देशव्यापी आन्दालन चर्काउनु पर्छ । भारतले आफ्नो सीमा रक्षा वा विस्तारका लागि नेपाली युवाहरूको दुरूपयोग गरिरहेको छ । त्यसैकारण भारतसँग सरकारले वार्ता गऱ्यो भने नेपाली युवाहरू भारतीय सेनामा भर्ती हुने प्रक्रिया रोक्नुपर्छ र अहिले भएका सबै भारतीय गोरखा सैनिकमा काम गर्ने नेपाली दाजुभाइलाई फिर्ता बालाउने एजेण्डा पनि राख्न सरकारलाई दबाब दिनुपर्ने र त्यसको अगुवाइ र नेतृत्व क्रान्तिकारी माओवादीले नै गर्नुपर्ने सुझाव दिनुभएको थियो ।'

कमरेड जगत श्रेष्ठ कम्युनिस्ट पार्टीमा संगठित भएपछि निरन्तर रूपमा क्रान्तिकारी धारामा उभिदै आउनु भएको, चौम, मसाल, एकताकेन्द्र, माओवादी हुँदै क्रान्तिकारी माओवादीसम्म आइपुग्दा जीवनको अन्तिम घडीसम्म पनि क्रान्तिकारी धारामा उभिनुभएको भन्दै उहाँको व्यक्तित्व र कृतित्वको चर्चा गर्नुभयो ।

कमरेड जगत श्रेष्ठकी जेठी बुहारी यमुना श्रेष्ठले बुबा जगत श्रेष्ठले सँधै घर परिवारको भन्दा बढी देश र जनताको बारेमा चिन्ता र चासो राख्ने गरेको कुरा बताउनुहुँदै उहाँको निधनले पारिवारिक र राजनीतिक अभिभावक गुमाउनु परेको बताउनु भयो र भन्नुभयो, 'अब क्रान्तिकारी माओवादीले हाम्रो परिवारको राजनीतिक अभिभावकत्व बहन गर्नुपर्छ । बुबा हुँदा जस्तै पार्टीका नेता कार्यकर्ताहरू घरमा आउजाउ गरिरहन पनि आग्रह गर्नुभयो ।'

सो श्रद्धाञ्जली सभामा पार्टी पीबीएम तथा ३ नं. प्रदेशका इन्चार्ज दिनेश शर्मा, जातीय क्षेत्रीय मोर्चाको तर्फबाट पार्टी पीबीएम तथा नेवाः राष्ट्रिय मुक्ति मोर्चाका केन्द्री अध्यक्ष पवनमान श्रेष्ठ, इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष तथा अखिल नेपाल जनसाँस्कृतिक महासंघका महासचिव हिरामणि दुःखी, पार्टी सल्लाहकार ध्रुव रूपाखेती, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिना, अनेमसंघ (क्रान्तिकारी)की महासचिव शारदा महत, चितवन जिल्ला पार्टीका सेक्रेटरी अशोक शर्मा लगायतका नेताहरूले दिवंगत कमरेड जगत श्रेष्ठले नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलत तथा प्रगतिवादी साहित्यको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको बारेमा चर्चा गर्नुभएको थियो । उहाँको व्यक्तित्व र कृतित्वमाथि प्रकाश पार्दै नेताहरूले उहाँको सादगीपूर्ण, देशभक्तिपूर्ण र वर्ग मुक्ति आन्दोलनप्रति प्रतिबद्ध र समर्पित जीवन र कर्मबाट कम्युनिस्ट क्रान्तिकारीहरूले सिक्नुपर्ने कुराहरूको बारेमा चर्चा गर्नुभएको थियो ।

काठमाडौंको अनामनगर घट्टेकुलोस्थित इच्छुक साँस्कृतिक प्रतिष्ठानमा भएको श्रद्धाञ्जलीसभामा नेकपा (क्रान्तिकारी माओवादी)का नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

## कविता

### मुखाग्नि



• प्रा.डा. जगदीशचन्द्र भण्डारी •

मुखाग्नि
दुर्दान्त
इतिहासकै
यस जङ्गलमा
अर्को कुनै
हिंसक जनावर
जन्मन सक्छ
इतिहासकै
पानामा
अर्को कुनै
क्रूर शासक
रक्तपिपासु
उत्पीडक
अचानक
आउन सक्छ
इतिहासकै
क्यानभासमा
एक्कासि
हामीले
थाहै नपाई
हाम्रै भेषमा
हाम्रै नाक नक्साको
उत्तराधिकारी
उत्पन्न हुनसक्छ
आउनुस
सर्वहारा
आउनुस
किसान मजदुर
राष्ट्रलाई
स्नेह गर्ने सबैले
हतियार बोक्नुस
मसाल बाल्नुस
अथवा
डिजिटल विधि
औँलानुस
संवेदनारहित
संज्ञाहीन
पुँजीजीवी
सत्तालाई
काटकुट गर्नुस्
यो किचकिच
सधैंका लागि
अन्त गर्नुस
रोएर
होइन
हाँस्दै आउनुस
बाजा बजाउनुस
गीत गाउनुस
खाल्डो खन्नुस
केहीलाई पुर्नुस
केहीलाई
दाउराको चाड्मा
पल्टाएर
इतिहासकै
अन्तिम
मुखाग्नि दिनुस्

### भाग्य



• मित्रलाल पंज्ञानी •

शक्तिका, पदका डाडु समातेका हजुर्हरू
खुसाए लाभ क्यै हुन्थ्यो, जम्मै बेकामका अरू
लर्को लाग्छ नमस्तेको, वाह ! भन्छ थुके पनि
तँ चुकिस् भन्न सक्तैन मोडैपिच्छे चुके पनि
उसैका स्वार्थमा बग्छन् साम्राज्यका दलाल यी
थोपो माया कतै छैन, निर्धो रेट्ने हलाल यी
निर्धा छौँ जनता हामी, किन ? कारण खोज्नु छ
निर्धो रेट्ने खुनी सत्ता ढलाईकन छोड्नु छ
सिर्जनाको बगैँचामा श्रमले लेख्तछौँ सदा
निर्धाको दिन आएको सपना देख्तछौँ सदा
भाग्य रच्ने छ रे हाम्रो, क्वै भावीले कतै बसी
बस्तैनौँ यत्तिकै हामी चुप्प लागी कुना पसी
राम्रो लेख्यो भने लेख्यो, नलखे पनि छैन क्यै
हाम्रो भाग्य स्वयम् लेख्छौँ, त्यसको च्यातिइन्छ त्यैँ

## आलोपालो

# सिद्धान्तप्रतिको मेरो निष्ठा

**दलितले छोएको खाना खाएपछि नरकमा परिन्छ । दलितको बोलेको वचन सुनेपछि पुण्यको खाता घट्दछ । दलितहरूलाई भगवानले पैतलाबाट निस्केको भनेर घोषणा गर्नु भएको छ जस्ता घोर कपोकल्पीत कुराहरूबाट त्रसित गैर दलित समाजले पनि आज नचाहेर पनि दलितमाथि भेद गर्नु परेको कुराबाट हैरान छ**



●कृष्णदास श्रेष्ठ ●

मार्क्स, एन्जेल्स, लेनिन, स्टालिन र माओ चतुङ्ग आधुनिक सर्वहारावर्गका महान गुरु तथा नेता हुन् भन्ने कुरा एउटा सर्वमान्य तथ्य हो । राजनीतिक क्षेत्रमा, कम्युनिस्टतर्फ मेरो संक्रमणको बेलादेखिन् नै उपरोक्त नेताहरूप्रति मेरो सम्मान र श्रद्धा र तिनका क्रान्तिकारी विचारहरूप्रति मेरो निष्ठा र आस्था अविचल रहेर आएको छ। सुरुमा मेरो सो श्रद्धा र आस्था एक प्रकारले भावनात्मक रहेको थियो। पछि, सैद्धान्तिक अध्ययनको सिलसिलामा उनीहरूका विचार तथा कार्यहरू र उनीहरूको उच्च आदर्शबारे वृद्धि हुँदै गएपछि, उनीहरूप्रतिको मेरो श्रद्धा र सम्मानको भाव र मार्क्सवादी सिद्धान्तप्रति मेरो निष्ठा अरु गहन तथा दरो हुँदै गयो। उनीहरू सच्चा सर्वहारा क्रान्तिकारी हुन्। उनीहरूका क्रान्तिकारी विचारहरू श्रमिक मानवजातिको मुक्तिका लागि र नयाँ वर्गहीन समाजको निर्माणका लागि सच्चा निर्देशन हुन् र साथै, समाजको क्रान्तिकारी रूपान्तरण चाहने र त्यसको लागि सक्रिय बनेकाहरूका लागि उनीहरू अनुकरणीय ऐतिहासिक व्यक्तित्व हुन् भन्ने मेरो दृढ धारणा र विश्वास रहेको छ। उपरोक्त कारणले गर्दा उनीहरूप्रति मेरो ठूलो श्रद्धा र सम्मान रहेको हो ।

मार्क्सवादका सैद्धान्तिक स्थिति तथा अवधारणाहरूलाई मैले प्राधिकारको रूपमा लिएको छु, र यसमा मेरो दृढ अडान छ। त्यसका सैद्धान्तिक स्थितिहरूको आधिकारिताप्रति मेरो अडान कति बलियो र दरो रहेको छ भने कसैले त्यसप्रति गर्ने विरोध, जथाभावी आलोचना वा शंकास्पद टिका टिप्पणी मेरो निम्ति अग्राहय हुन्छ र म त्यसको खण्डन गर्न प्रेरित हुने गर्छ। हाम्रो कम्युनिस्ट आन्दोलनका पंक्तिहरूमा रहेका कुनै कुनै बुद्धिजीवीहरूले मार्क्सवादको चिन्हपाटी राखेर गरिएका गलत व्याख्या विश्लेषण वा त्यसको मौलिक वा नयाँ ढङ्गले प्रयोग गर्नुपर्ने वा त्यसको संशोधन गर्नुपर्ने धारणाहरू समय-समयमा देखा पर्ने गरेका छन् र त्यस्तो प्रवृत्ति अहिले झन बढ्दो छ। त्यस्ता गलत धारणाहरूको प्रतिनिधित्व गर्ने केही लेख-रचनाहरू बारे मैले आफ्ना आलोचनात्मक टिप्पणीहरू प्रकाशित गरेको छ ।

आलोचनात्मक टिप्पणीहरू गर्दा मेरो प्रमुख ध्यान आलोचित लेखमा रहेका गलत विचार र धारणामा केन्द्रित हुने गर्छ। त्यसमा सो लेखका लेखक के कस्ता छन्, उनका कस्ता चारित्रिक विशेषता कुन खालका छन्, उनी को हुन्, भन्ने कुरासित मेरो कुनै मतलब र चासो रहेको हुँदैन। त्यस्तै सम्बन्धित लेखक आफ्नो नजिकका हुन् कि टाढाका हुन् भन्ने कुरासित पनि मेरो कुनै मतलब रहेको हुँदैन। टिप्पणीमा सम्बन्धित लेखकको नाउँ उल्लेख भएको हुन्छ, र सो उल्लेख हुने एकमात्र कारण के हो भने आलोचित विचार वा धारणा उनीमार्फत् अभिव्यक्त भएको हुन्छ, त्यस्ता आलोचनात्मक टिप्पणीहरू मार्क्सवादी सिद्धान्तप्रति मेरो निष्ठाका अभिव्यक्ति हुन् र साथै सो सिद्धान्तको पक्षपोषण गर्ने प्रयास पनि हुन् ।

मेरो आलोचनात्मक लेखहरू पढ्ने कसै कसैले आलोचना तीखो (कजबचउ) रहेको बताएका छन्। उहाँहरूको भनाइ एक प्रकारले उचित रहेको छ, किनभने गलत विचार र धारणाको मबाट भएको आलोचना तीखो रहने गरेको छ र मलाई के लाग्छ भने सैद्धान्तिक आलोचना स्पष्ट, विषयगत र तीक्ष्ण हुनु पर्छ। लेखाइको यस स्वरूपमा पनि ममाथि परेको *बाँकी ७ पेजमा*

# समाचारको विषयलाई लिएर गरिएको अभद्र व्यवहारको क्रान्तिकारी पत्रकार महासंघले गऱ्यो घोर भर्त्सना




काठमाडौं। नदी दोहनको समाचारको विषयलाई लिएर नवलपुर ट्र्याक्टर समिति अन्तर्गतको कावासोती उपसमितिले संगठनका महासचिव रामकुमार श्रेष्ठ र पत्रकार शालिकराम कोइरालामाथि गरेको अमर्यादित व्यवहारप्रति क्रान्तिकारी पत्रकार महासंघको गम्भिर रूपमा ध्यानाकर्षण भएको जनाएको छ। महासंघका अध्यक्ष इन्द्र राउतले जारी गरेको वक्तव्यमा समाचारको विषयमा चित्त नबुझे उजुरी गर्ने निकायहरू हुँदाहुँदै कावासोतीका कृष्ण गिरीको नेतृत्वमा रहेको ट्र्याक्टर उपसमितिले पत्रकारद्वयप्रति गरेको अभद्र व्यवहारको तीव्र निन्दा एवम् भर्त्सना गरिएको छ।

वक्तव्यमा भनिएको छ, 'समाचार लेखेर नदी दोहन गर्ने ट्र्याक्टर उपसमितिको सुराकी गरेको आरोप लगाउँदै निज पत्रकारहरूको खेत नजोत्न ट्र्याक्टर व्यवसायीहरूलाई उर्दी जारी गर्नु उपसमितिका संयोजक गिरी लगायतको गतिविधि अराजकता र दण्डहिनताको अभिव्यक्ति हो। यस्तो कार्यमा संलग्नहरूलाई कानुनी दायरामा ल्याई कारबाही गर्न हाम्रो संगठन सम्बन्धित निकायसँग जोडदार माग गर्दछ।'

## स्थानीय...

तहमा भ्रष्टाचार भएको भन्दै आफ्नो ध्यानाकर्षण भएको जनाएको छ। सो पार्टीका जिल्ला सेक्रेटरी चोलाले शनिवार जारी गरेको बिज्ञप्तिमा कोभिड महामारीको चपेटामा जनता परेका मौका छोपेर स्थानीय तहमा भष्ट्रचार मौलाएको उल्लेख गरिएको छ। बिज्ञप्तिमा भनिएको छ - साथै क्यानेडेयाली सरकारले अनुदानमा दिएको हरियो मटर (केराउ) तस्करी गरी सिमापार गर्ने र त्यसको बहानामा मिलिमतो तथा भष्ट्राचार गरिएको प्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ।

त्यस्तै क्रान्तिकारी माओवादीले चिनीयाँ ठेकेदार कम्पनीले बाटो बनाउनका लागि बर्दघाट एस मोडमा चुरे पहाड कटान गरेको प्रति ध्यानाकर्षण भएको र यसबारे बर्दघाट नगरपालिका र पारिजात सामुदायिक वन मौन रहनु रहस्यमय भएको बताएको छ। नेपाल सरकार र चिनीयाँ ठेकेदार कम्पनीसंगको सम्झौता विपरित बर्दघाट नगरपालिका अन्तरगत पारिजात सामुदायिक वन उपभोक्ता समुहको कार्यक्षेत्र एसमोड चुरेक्षेत्रको पहाड कटान गरिएको र पहाड खनेर निकालिएको ढुंगा तथा माटो अन्यत्र बिक्री गरिएको बिज्ञप्तिमा जनाइएको छ। 'यस कटान बारे बर्दघाट नगरपालिका र पारिजात सामुदायिक वन उपभोक्ता समुह मौन रहनु रहस्यमय छ। यसले कही कतै मिलेमतो त भएको छैन ? भन्ने प्रश्न उब्जिएको छ।











**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं,**
**विदेशबाट फर्किएकाहरुलाई दुर्व्यवहार नगरौं ।**

- कोभिड-१९ रोग जो कसैलाई पनि हुन सक्दछ, संक्रमणको आशंकामा सामाजिक विभेद नगरौं ।
- आपसमा भाइचारा कायम राखौं, यस महामारबिाट बच्न सरकार र समुदाय मिलेर अघि बढौं ।
- महामारीको समयमा आपतकालीन सम्पर्क नम्बरहरू जानकारीमा राखौं ।
- कोभिड-१९ संक्रमितहरूलाई राख्ने क्वारेन्टाइन तथा आइसोलेसनको बारेमा जानकारी राखौं ।
- मनोबल उच्च राख्ने सतर्कता आपनाउने र स्वास्थ्य सुरक्षाका मापदण्डसम्बन्धी सूचना सम्प्रेषण गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।